# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक १७९ | काठमाडौं | बिहीबार, १३ कात्तिक २०८२ | Prabhab National Daily | Thursday, 30 October 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


सन्दर्भः वैदेशिक रोजगार

## मलेसिया 'सिण्डिकेट'को विरोधमा व्यवसायी, सशक्त प्रतिवाद गर्ने



सिण्डिकेट हामी स्वीकार्दैनौं र आवश्यक परे यसको विरुद्ध सशक्त आन्दोलन हुन्छ । बायोमेट्रिक मेडिकलमा एकलौटी काम गरेजस्तै गर्न खोजेको देखिन्छ । त्यो सम्भव नै छैन ।

**दीपक थापा**
अध्यक्ष, लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन



हामीले दूतावासलाई के जानकारी आएको हो सम्पूर्ण विवरण उपलब्ध गराउन भनेका थियौं । उताबाट पत्र आइसकेको छ । त्यसको यथार्थ के हो भन्ने अक्षरशः हेरेर के गर्नुपर्ने हो त्यसैअनुसारको कारबाही हुन्छ ।

**लोकबहादुर पौडेल क्षेत्री**
प्रवक्ता, परराष्ट्र मन्त्रालय

**ममता थापा**

**काठमाडौं–** मलेसिया रोजगारीमा सिण्डिकेटको संकेत देखिएपछि वैदेशिक रोजगार व्यवसायीहरू आक्रोशित बनेका छन् । मलेसिया सरकारले श्रमिक भर्तीका लागि छनोट गरिने एजेन्सी (म्यानपावर कम्पनी)का लागि १० वटा मापदण्ड अनिवार्य गर्न लागेकोप्रति व्यवसायीहरूले आपत्ति जनाएका हुन् ।

मलेसियाको परराष्ट्र मन्त्रालयले क्वालालम्पुरस्थित नेपाली दूतावासलाई २७ अक्टोबरमा पठाएको पत्र सार्वजनिक भएसँगै व्यवसायीहरू यसको विरुद्धमा उत्रने तयारीमा जुटेका छन् । उक्त पत्रमा मलेसियामा कामदार पठाउन चाहने म्यानपावर कम्पनीलाई आगामी १५ नोभेम्बरभित्र आवेदन दिन आह्वान गरिएको छ, जसका लागि १० वटा मापदण्ड अनिवार्य पुगेको हुनुपर्ने उल्लेख गरिएको छ । उक्त मापदण्डअनुसार अधिकांश व्यवसायी सूचीकरणमा नपर्ने देखिन्छ । व्यवसायीहरूले सीमित व्यवसायीहरूले मात्र कामदार पठाउन पाउने गरी 'सिण्डिकेड' लगाउन खोजिएको भन्दै त्यसको कडा प्रतिवाद गर्ने बताएका छन् ।

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका अध्यक्ष जनक रावलले आफूहरूले विगतदेखि नै हरेक खालको सिण्डिकेटको विरोध गर्दै आएको र सबै व्यवसायीले स्वतस्फूर्त रूपमा काम गर्न पाउनुपर्छ भन्ने आफूहरूको अडानबाट टसमस नभएको बताए । यसका लागि के कस्तो कदम चाल्ने भन्ने तयारी भइरहेको उनले बताए ।

'विगतदेखि नै हामी हरेक खालको सिण्डिकेटको विरोधमा थियौं, र छौं । यसलाई कसैगरी पनि लागू हुन दिँदैनौं,' रावलले भने, 'यो ठूलो निर्णय हो । यसले सबै व्यवसायीलाई १८-२० मा खुम्च्याउन खोजिएको देखिन्छ । निर्वाचन मात्र गराउन बनेको सरकारले यस्तो खालको निर्णय लिँदैन भन्ने हामीलाई विश्वास छ । यसविरुद्ध जस्तोसुकै कदम पनि चाल्न पनि तयार छौं ।'

मलेसिया सरकारले तोकेजस्तो मापदण्ड कार्यान्वयनमा आए धेरैजसो व्यवसायीहरू व्यवसाय गर्नबाट वञ्चित हुने लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका अध्यक्ष दीपक थापाले बताए । यो कार्यान्वयन नगर्न जस्तोसुकै आन्दोलन गर्न पनि तयार रहेको थापाको भनाइ छ ।

क्रमशः पृष्ठ २ मा

### एसोसिएसन र मञ्चको ध्यानाकर्षण

**काठमाडौं (प्रस)–** मलेसिया रोजगारीमा स्वार्थ समूहले एकाधिकार (सिण्डिकेट) लगाउन खोजेको भन्दै नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन र प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले गम्भीर ध्यानाकर्षण भएको जनाएका छन् ।

दुवै संस्थाले बुधबार छुट्टाछुट्टै विज्ञप्ति जारी गर्दै एकाधिकार लगाउने विषय कुनै पनि हालतमा मान्य नहुने जनाएका हुन् । साथै, कूटनीतिक तवरबाट यो समस्याको समाधान गरी व्यवसायलाई सुरक्षित बनाउन सरकारलाई अनुरोध गरेका छन् ।

क्रमशः पृष्ठ २ मा

प्रतिनिधिसभा विघटनविरूद्धको रिट

## सर्वोच्चले दिएन अन्तरिम आदेश

- प्रतिनिधिसभा विघटनबारे लिखित जवाफ पेस गर्न विपक्षीलाई आदेश
- रिट निवेदक पक्षका कानुन व्यवसायीहरूको तर्क– प्रतिनिधिसभा विघटन र सरकार गठन प्रथम दृष्टिमै असंवैधानिक
- प्रधानन्यायाधीश भइसकेका व्यक्तिले सरकारको नेतृत्व गर्नु गलत हुने दाबी
- राष्ट्रपति रामचन्द्र पौडेलले संविधानको धारा १०१ को दुरुपयोग गरेको जिकिर
- प्रतिनिधिसभा पुनर्स्थापना गरेर राष्ट्रपतिलाई महाभियोग लगाउनुपर्ने माग

**जेबी योञ्जन**

**काठमाडौं–** प्रतिनिधिसभा विघटन र पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा सरकार गठनविरुद्ध परेका रिटहरूमा अन्तरिम आदेश दिन सर्वोच्च अदालतले अस्वीकार गरेको छ । रिट निवेदनको अन्तिम सुनुवाइ हुँदा विचार गर्नुपर्ने भएकोले अहिले निवेदकहरूको मागबमोजिम अन्तरिम आदेश जारी गर्नु नपरेको इजलासले स्पष्ट पारेको छ ।

प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत नेतृत्वको संवैधानिक इजलासले बुधबार प्रतिनिधिसभा विघटन र सरकार गठनविरुद्ध परेका १६ वटा रिटमा प्रारम्भिक सुनुवाइ गर्दै भनेको छ, 'निवेदकले अन्तरिम आदेश माग गरेको विषयवस्तुसमेत रिट निवेदनको अन्तिम सुनुवाइ हुँदा विचार गर्नुपर्ने प्रकृतिको देखिँदा हाल निवेदन मागदाबीबमोजिम अन्तरिम आदेश जारी गरिरहनु परेन ।'





निवेदकले अन्तरिम आदेश माग गरेको विषयवस्तुसमेत रिट निवेदनको अन्तिम सुनुवाइ हुँदा विचार गर्नुपर्ने प्रकृतिको देखिँदा हाल निवेदन मागदाबीबमोजिम अन्तरिम आदेश जारी गरिरहनु परेन ।

**सर्वोच्च अदालत**

प्रतिनिधिसभा विघटनमा संविधानको धारा उल्लेख छैन । यो सरासर गैरसंवैधानिक । सर्वोच्च अदालतले एक साताभित्र लिखित जवाफ मागोस् र निरन्तर सुनुवाइ गरेर विवाद टुंग्याओस् ।

**टीकाराम भट्टराई**
वरिष्ठ अधिवक्ता

सर्वोच्चले कार्कीको नेतृत्वमा सरकार गठन र उनकै सिफारिसमा प्रतिनिधिसभा विघटन भएको विषयमा भने विपक्षीहरूलाई एक साताभित्र लिखित जवाफ पेस गर्न आदेश दिएको छ । जवाफ पेस गर्नुपर्ने विपक्षीहरू राष्ट्रपति कार्यालय, प्रधानमन्त्री कार्की, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, सभामुख देवराज घिमिरे हुन् । संवैधानिक इजलासमा प्रधानन्यायधीश राउतसहित सपना प्रधान मल्ल, कुमार रेग्मी, हरिप्रसाद फुयाल र डा. मनोजकुमार शर्मा छन् ।

बुधबार रिट निवेदकहरूको तर्फबाट बहस गरेका कानुन व्यवसायीहरूले पूर्वप्रधानन्यायाधीश कार्कीको प्रधानमन्त्रीमा नियुक्ति र प्रतिनिधिसभा विघटन दुवै प्रथम दृष्टिमै असंवैधानिक भएको तर्क गरेका थिए । त्यसो हुनाले कार्कीको प्रधानमन्त्रीमा नियुक्ति बदरयोग्य भएको जिकिर उनीहरूको थियो । प्रतिनिधिसभा पुनर्स्थापना पनि अनिवार्य भएको उनीहरूले दाबी गरे ।

संसद् बाहिरबाट, त्यो पनि प्रधानन्यायाधीश भइसकेको व्यक्तिलाई प्रधानमन्त्री बनाएर संविधानमाथि जालसाजी गरेको भन्दै गम्भीर प्रश्न उठाए । त्यही भएर संवैधानिक इजलासबाट सुरुमा कार्की नेतृत्वमा सरकार गठनको वैधता परीक्षण गर्नुपर्ने माग वरिष्ठ अधिवक्ता टीकाराम भट्टराईले गरे ।

क्रमशः पृष्ठ २ मा

## महाधिवेशनको मिति तोक्ने विषयले कांग्रेसमा रडाको

**प्रभाव संवाददाता**

**काठमाडौं–** चुनावअघि नै महाधिवेशन गर्नुपर्ने माग तीव्ररूपमा चुलिरहेको बेला कांग्रेस संस्थापनइतरले भने यसलाई सम्भव नहुने निष्कर्ष निकालेको छ । आजबाट पुन निरन्तर चल्ने केन्द्रीय समितिको तयारीका लागि ललितपुरको धोबिघाटस्थित सिद्धार्थ कटेजमा बुधबार बसेको संस्थापनपक्षको बैठकले उक्त निष्कर्ष निकालेको हो ।

कार्यवाहक सभापति पूर्णबहादुर खड्काको अगुवाइमा बसेको बैठकले उक्त निष्कर्ष निकालेको छलफलमा सहभागी एक पदाधिकारीले बताए । 'चुनावअघि महाधिवेशन तोक्दा बिथोलिन सक्छ । त्यसैले फागुनको चुनावमा सहभागी भएर वैशाख वा जेठमा महाधिवेशन गर्न सकिन्छ भन्ने विषयमा सहमति नजिक पुगेको छ,' ती पदाधिकारीले भने ।

सरकारले फागुन २१ गते प्रतिनिधिसभा निर्वाचन तोकेको छ । उक्त निर्वाचनमा भाग लिनु लोकतान्त्रिक दल कांग्रेसको धर्म हुने कांग्रेसको निचोड छ । तर संस्थापनइतरले भने मंसिरमै नियमित महाधिवेशनमार्फत नेतृत्व फेरेरमात्र निर्वाचनमा भाग लिनुपर्छ भन्ने मतमा जोड दिँदै आएका छन् । यसका लागि कांग्रेस महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले विशेष महाधिवेशनको मुद्दा उठाउँदै हस्ताक्षर अभियानसमेत चलाएका थिए ।

विशेष महाधिवेशनले केन्द्रीय समितिमात्र नयाँ आउने देखिएपछि थापा र शर्मा यस अभियानबाट ब्याक भएका थिए । यद्यपि कांग्रेसका पूर्वकेन्द्रीय सदस्य गुरुराज घिमिरेको नेतृत्वमा विशेष महाधिवेशनको माग गर्दै ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिको हस्ताक्षर केन्द्रीय समितिमा बुझाइसकेको छ ।



नियमित होस् वा विशेष, केन्द्र आफैंले आह्वान गरोस् वा हस्ताक्षरबाट बोलाइएको होस्, अधिवेशन अपरिहार्य छ र यो मंसिरभित्रै हुनुपर्दछ ।

**देवराज चालिसे**
कांग्रेस नेता



हामी चुनावमा जाने भनिरहेका छौ । यहीबेला महाधिवेशन भनेर माथापच्ची गर्न पनि भएन । क्रियाशील पनि बनाउँदै गर्ने र जेठसम्ममा महाधिवेशन गर्ने गरी कार्यतालिका बनाउन सकिन्छ ।

**डा. प्रकाशशरण महत**
प्रवक्ता, नेपाली कांग्रेस

क्रमशः पृष्ठ २ मा


### प्रेस विज्ञप्ति

मलेसियन सरकारको Ministry Of Foreign Affairs, PUTRAJAYA ले मलेसियास्थित नेपाली राजदूतावासमार्फत नेपाल सरकारलाई २७ October २०२५ मा पठाएको १) बुँदे मापदण्डसहितको पत्र सम्बन्धमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघ (NAFEA) को गम्भीर ध्यानाकर्षण भएको छ ।

उक्त पत्रअनुसार सीमित व्यवसायीहरूलाई मात्र मलेसिया रोजगारीमा काम गर्न अनुमति दिने गरी मलेसियाको रोजगारीमा सिन्डिकेट खडा गर्ने दुष्प्रयास भइरहेको स्पष्ट देखिन्छ। मलेसियन सरकारको उक्त निर्णय र प्रस्तावले नेपाललगायत स्रोत मुलुकहरूमा सिन्डिकेट स्थापना गर्ने र केही सीमित व्यक्तिहरूको पक्षपोषण गर्नेरगराउने स्पष्ट संकेत दिएको छ, जसले निष्पक्ष र स्वस्थ प्रतिस्पर्धा, पारदर्शिता र समान रोजगारीका अवसरलाई कुल्चेर पेशा व्यवसाय गर्न पाउने मौलिक अधिकार तथा नेपालको संविधान र कानुनले बन्देज गरेको एकाधिकार बजार बनाउने देखिन्छ । नेपाल सरकारबाट इजाजत प्राप्त व्यवसायीहरु कानुनी प्रक्रिया, सरकारी नीतिहरु र पारदर्शी अभ्यासमार्फत वैदेशिक रोजगार क्षेत्रमा संलग्न छन् । यसरी केही मुठीभर व्यवसायी वा गैरव्यवसायीहरूलाई मात्र फाइदा पुऱ्याउने र एकाधिकार बजार बनाएर नेपाली श्रमिकहरूलाई आर्थिक भार थप्ने षड्यन्त्रले सम्पूर्ण व्यवसायीहरूमा स्वतन्त्रतापूर्वक व्यवसाय गर्न पाउने व्यावसायिक अधिकार, श्रमिकको श्रम अधिकार र नेपाल सरकारको श्रम नीतिलाई समेत कमजोर बनाउने संघको ठहर छ ।

यस्ता सिन्डिकेट प्रवृत्तिहरूको नेपाल वैदेशिक रोजगार व्यवसायी संघले घोर विरोध गर्दै आइरहेको छ र सम्पूर्ण व्यवसायीहरूलाई यस्ता कुकार्यका विरूद्ध एकजुट हुन आह्वान समेत गर्दछ । मलेसियाबाट आएका वा नेपालभित्रै विभिन्न नाम, रूप र शैलीमा प्रस्तुत भइरहेका यस्ता सिन्डिकेटधारीहरूका प्रस्ताव वा सम्झौताहरूमा सहभागी हुने, समर्थन गर्ने वा सहमति जनाउने कुनै पनि निकाय, व्यक्ति, व्यवसायी, संस्था वा समूहलाई संघले आवश्यक ठानेको जुनसुकै निर्णय लिन वा कारबाही गर्न पछि हट्ने छैन । वैदेशिक रोजगार क्षेत्र कुनै एक वर्ग वा गिरोहको निजी स्वार्थका लागि होइन, यो सबै व्यवसायीको साझा व्यावसायिक अधिकार र श्रमिकको हितसँग प्रत्यक्ष सम्बन्धित क्षेत्र हो । संघले हरेक प्रकारका अनुचित गठबन्धन, गुटबन्दी र एकाधिकारको प्रयासलाई आम वैदेशिक रोजगार व्यवसायीहरूको शत्रू ठान्दछ र त्यसविरूद्ध दृढ प्रतिरोध मात्र होइन, कडा रूपमा प्रस्तुत हुने जानकारी गराउन चाहान्छौं।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले यस अवस्थाप्रति नेपाल सरकारका सम्बन्धित निकायहरु (श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभाग र परराष्ट्र मन्त्रालय)को समेत विशेष ध्यानाकर्षण गराउँदै यस्ता सिन्डिकेट प्रवृत्तिलाई कुनै पनि रूपमा स्वीकृति नदिइयोस् भन्ने विशेष अनुरोध गर्दछौं । साथै सम्पूर्ण व्यवसायीज्यूहरूलाई सजग रहन, यस्ता सिन्डिकेटधारीहरूको गतिविधि नजिकबाट नियाल्न, प्रमाण संकलन गर्न र आवश्यक परेमा संघर्षका लागि तयार रहनसमेत आह्वान गर्दछौं । संघ निष्पक्ष, पारदर्शी, स्वस्थ प्रतिस्पर्धात्मक र श्रमिक हितमैत्री वैदेशिक रोजगारी प्रणालीको पक्षमा अडिग छ र भविष्यमा पनि यस्ता गलत प्रवृत्तिको विरूद्ध दृढतापूर्वक उभिरहनेछ । यदि संघको संस्थागत आह्वान र अनुरोध सुनुवाइ नगरिएमा यस्ता गलत नियतका साथ आएको सिन्डिकेटलाई पक्षपोषण गरी जबरजस्ती गर्ने प्रयास भएमा त्यसको प्रतिकारमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघ उत्रनेछ र त्यसको जिम्मा नेपाल सरकार र सिन्डिकेटधारीहरूका पक्षधरहरूले लिनुपर्नेछ । साथै मलेसिया रोजगारी सधैंका लागि बन्द गराउने बाटोमा व्यवसायीहरूलाई लान वा जान बाध्य नपार्न समेत सम्बन्धित पक्षसँग हार्दिक अनुरोध गर्दछौं ।

**महेश कुमार बस्नेत**
महासचिव

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
सिफल-७, काठमाडौं, फोन नं. ०१-४५९०९६९ र ४५९४४१८



### प्रेस विज्ञप्ति

**मलेसिया सरकारले नेपालमा रहेका वैदेशिक रोजगार ईजाजतपत्र कम्पनीहरूको मापदण्ड तोक्ने निर्णयप्रति नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको गम्भीर ध्यानाकर्षण भएको छ ।** लामो समयदेखि बन्द रहेको मलेसियाको रोजगारी पूर्णरूपमा खुला हुने तयारी रहेको अवस्थामा केही नेपाली तथा केही विदेशी गिरोहहरु समेतको मिलेमतोमा मलेसिया सरकारलाई समेत गलत तरिकाले प्रभावमा पारी विभिन्न मापदण्डका नाममा नेपालमा रहेका म्यानपावर कम्पनीहरूलाई वर्गीकरण गर्ने प्रयास सिंगो नेपालमा रहेका वैदेशिक रोजगार व्यवसायीको स्वाभिमान र नेपाल राष्ट्रकै सार्वभौमिक स्वतन्त्रतामाथिको प्रहार हो । सिन्डिकेटले रोजगारीका लागि मलेसिया जाने श्रमिकहरूलाई थप आर्थिक भार हुने र मलेसियाको रोजगारीको अवसरलाई केही सीमित व्यक्तिहरूले नियन्त्रणमा लैजाने छ । म्यानपावर कम्पनीले दिने गुणस्तरीय एवं भरपर्दो सेवाको मापदण्ड पन्छाएर संख्या र कार्यालयको क्षेत्रफल खोज्नु सर्वथा अनुचित र असम्भव प्रयास हो । नेपालको संविधान तथा ऐन कानूनले कुनै पनि सेवा वा व्यवसायमा एकाधिकार (सिन्डिकेट) लाई पूर्णतः निषेध गरेको छ ।

चार-पाँच महिना अगाडितिर पनि मलेसिया रोजगारीको सिन्डिकेट लगाउने प्रयास हुँदा लोकतान्त्रिक एशोसिएसनले सार्वजनिक रूपमा कुनै पनि हालतमा सिन्डिकेट लगाउन दिइने छैन, यदि कोही कसैले सिन्डिकेट लगाउन खोज्छ भने ती सिन्डिकेटधारीहरूलाई आम व्यवसायीहरु माझ सार्वजनिक गर्न र कानुनी कारवाही गर्न लोकतान्त्रिक एशोसिएसनको नेतृत्वले कुनै कसर बाँकी राख्ने छैन भन्दै सम्बन्धित निकायहरूमा ध्यानाकर्षणपत्रसहित खबरदारीसमेत गराएको विषयमा आम व्यवसायीहरु अवगत नै हुनुहुन्छ ।

सीमित व्यक्तिहरूले मलेसियाको रोजगारी आफ्नो नियन्त्रणमा लिन खोज्ने कुनै पनि सिन्डिकेट वा एकाधिकार प्रवृत्ति कुनै हालतमा लोकतान्त्रिक एशोसिएसनलाई स्वीकार्य छैन । केही साथीहरु भित्रभित्र मलेसिया रोजगारीको सिन्डिकेटमा लगानी गरेर विभागीय मन्त्री नभएको अवस्थामा सिन्डिकेटको लागि तीव्र लबिइङ गर्दै हुनुहुन्छ त कोही त्यही सिन्डिकेट लगाउन रात दिन लागिपरिरहेकाहरु बाहिर देखाउनको निमित्त सिन्डिकेट रोकिदिनुपऱ्यो भन्दै विरोधको नाटक मञ्चन गर्दै हिँड्दै हुनुहुन्छ भन्ने सुन्नमा आएको छ । तसर्थ यस्ता दोहोरो चरित्र प्रस्तुत नगर्न नगराउनुहुन समेत ध्यानाकर्षण गराउँदै पुनः लोकतान्त्रिक एशोसिएसन हार्दिक अनुरोध गर्दछ ।

नेपाल सरकार, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र परराष्ट्र मन्त्रालय मन्त्रीविहीन भएको अवस्थामा धमिलो पानीमा माछा मार्न खोज्दै हिँड्ने केही सिन्डिकेटधारी व्यवसायीहरूलाई आतंकित बनाउन हात धोएर बिहान एउटा मुख साँझ अर्को मुख देखाउँदै लागिपरेको हुँदा त्यस्ता समूहलाई पहिचान गरी कारवाहीको दायरामा ल्याउन नेपाल सरकारसमक्ष जोडदार रूपमा माग गर्दछौं । साथै, **नेपाल सरकारसँग वार्ता तथा छलफल गरी यो समस्यालाई निराकरण गर्नका लागि नेपाल वैदेशिक रोजगार व्यवसायी संघ कार्यसमितिलाई हार्दिक अनुरोध गर्दछौं ।**

**दीपक थापा**
अध्यक्ष

**नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन**
नयाँ बानेश्वर, काठमाडौं

पृष्ठ १ बाट क्रमश:

## सर्वोच्चले दिएन...

‘सरकार नियुक्तिको वैधता नै प्रारम्भिक प्रश्न भएको हुनाले त्यो प्रश्नको निरूपण नभई निर्वाचन हुन सक्दैन । किनभने सरकार गठन नै संवैधानिक हो कि असंवैधानिक भन्ने हुनाले असंवैधानिक सरकार निर्वाचन पनि गराउन सक्दैन भन्ने निवेदकको माग र हाम्रो तर्क पनि त्यो भएको हुनाले यसको निरूपण जतिसक्दो चाँडो हुनुपर्छ,’ भट्टराईले भने । उनको दलिल कार्की सरकार असंवैधानिक भएको थियो । संविधानको धारा ७४ ले बहुलवादमा आधारित राज्यव्यवस्थाको कल्पना गरेको भन्दै उनले भने, ‘राजनीतिक दलहरूको सिफारिस र सहभागिता नभएको यो सरकार गैरसंवैधानिक छ ।’

संविधानको धारा १३२ (२) ले सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीशलाई कुनै पनि सरकारी पदमा पुग्न निषेध गरेको भन्दै वरिष्ठ अधिवक्ता भट्टराईले त्यसमा पनि संविधानको व्यवस्था मिचिएको जिकिर गरे । ‘प्रतिनिधिसभा विघटनमा संविधानको धारा उल्लेख छैन । यो सरासर गैरसंवैधानिक । सर्वोच्च अदालतले एक साताभित्र लिखित जवाफ मागोस् र निरन्तर सुनुवाइ गरेर विवाद टुंग्याओस्,’ बहसका क्रममा उनले भने ।

वरिष्ठ अधिवक्ता एवं नेपाल बार एसोसिएसनका पूर्वअध्यक्ष शेरबहादुर केसीले प्रधानन्यायाधीश भइसकेका व्यक्तिले सरकारको नेतृत्व गर्नु गलत हुने तर्क गरे । विगतमा न्यायाधीश छँदा वर्तमान प्रधानमन्त्री कार्की स्वयंले त्यस्तो न्यायिक दृष्टिकोण राखेको उनले स्मरण गरे । कार्कीले तत्कालीन प्रधानन्यायाधीश खिलराज रेग्मी दोस्रो संविधानसभा निर्वाचन प्रयोजनार्थ मन्त्रिपरिषद् अध्यक्ष नियुक्त भएको मुद्दामा त्यस्तो जिकिर गरेकी थिइन् ।

२३ र २४ भदौको जेन-जी आन्दोलनपछि भने उनै कार्की २७ भदौमा प्रधानमन्त्री नियुक्त भइन् । आवश्यकताको सिद्धान्तको आधारमा भन्दै उनको नियुक्ति राष्ट्रपति रामचन्द्र पौडेलले गरेका थिए । सोही राति कार्कीले प्रतिनिधिसभा विघटन गर्दै २१ फागुनमा ताजा निर्वाचनको घोषणा गरेकी थिइन् ।

जेन-जी विद्रोहपछि देशमा विषम् परिस्थिति निम्तिँदा यी संवैधानिक प्रश्न उठ्ने खालका गतिविधि भए । यसपछि सर्वोच्चमा मूलतः प्रतिनिधिसभा पुनर्स्थापनाको माग गर्दै रिटहरू परे । ती रिटहरूको प्रारम्भिक सुनुवाइ झण्डै डेढ महिनापछि बुधबार भएको हो । रिटको पक्षबाट बहस गरेका वरिष्ठ अधिवक्ताद्वय भट्टराई र केसीबाहेकका कानुन व्यवसायीहरूले प्रतिनिधिसभा विघटन गैरसंवैधानिक भएको दलिल गरे ।

वरिष्ठ अधिवक्ता एकराज पोखरेलले संविधानको धारा ७६ विपरीत गठन भएको प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटन गर्न नसक्ने बताए । वरिष्ठ अधिवक्ता एवं पूर्वमहान्यायाधिवक्ता खम्मबहादुर खातीले भदौ २७ को राजपत्र देखाउँदै राष्ट्रपति पौडेलले आफूसँग नभएको अन्तरनिहित अधिकार प्रयोग गरेको जिकिर गरे । उनले राष्ट्रपतिको कदममाथि प्रश्न उठाउँदै भने, ‘वैकल्पिक सरकार गठनको प्रयास नै नगरी राष्ट्रपतिले पूर्वप्रधानन्यायाधीशको नेतृत्वमा अन्तरिम सरकार बनाउनुभयो ।’

अर्का वरिष्ठ अधिवक्ता डा. सुरेन्द्र भण्डारीले त राष्ट्रपति पौडेलले संविधानको धारा १०१ को दुरूपयोग गरेको जिकिर गरे । अब प्रतिनिधिसभा पुनर्स्थापना गरेर राष्ट्रपतिलाई महाभियोग लगाउनुपर्ने उनले बताए ।

जेन-जी विद्रोहीहरूले प्रारम्भमा प्रतिनिधिसभा विघटनलाई एजेण्डा बनाएका थिएनन् । २४ भदौमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली राजीनामा दिएर सेनाको शरणमा पुगेपछि निम्तिएको राज्यविहीनताको स्थितिमा एकाएक प्रतिनिधिसभा विघटनको माग जोडले उठ्यो । यो माग अघि सार्ने काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र साह हुन् । उनले जेन-जी अगुवाहरूलाई प्रतिनिधिसभा विघटनपछि मात्रै नेपाली सेनासँग वार्तामा बस्न सुझाएका थिए । सोहीअनुसार प्रतिनिधिसभा विघटन भयो । कार्कीलाई प्रधानमन्त्रीका लागि जेन-जी अगुवाहरूले नै अघि सारेका हुन् ।

कार्कीको प्रधानमन्त्रीमा नियुक्ति र प्रतिनिधिसभा विघटनको न्यायिक परीक्षणको मागसहित अधिवक्ता डा. प्रेमराज सिलवाल, कीर्तिनाथ शर्मा, आयुष बडाल, मकबुल मियाँ, युवराज पौडेल, खडकबहादुर शाह, डम्बरप्रसाद शिवाकोटी, दलबहादुर धामी, प्रकाश भुजेल, विपिन ढकाल, आयुष भण्डारी, आभाष पोखरेल, ओमप्रकाशजंग शाह, विमल पोखरेल, डा. पुण्यप्रसाद खतिवडा र शेरबहादुर रोकायाले सवोच्चमा रिट दायर गरेका थिए ।

■■■

## महाधिवेशनको...

कांग्रेसमा ४० प्रतिशत महाधिवेशन प्रतिनिधिले हस्ताक्षर गरी महाधिवेशन मागेमा तीन महिनाभित्र महाधिवेशन बोलाउनुपर्ने हुन्छ । उक्त हस्ताक्षर ‘भेरिफाइ’ (प्रमाणीकरण) भने भइनसकेको कांग्रेस नेताहरू बताउँछन् ।

यसैले पनि मंसिरभित्रै १५औं महाधिवेशन हुनुपर्ने बताउँछन् महामन्त्री गगननिकट नेता देवराज चालिसे । ‘हस्ताक्षरकर्ताहरू पार्टीको सर्वोच्च निकायका जिम्मेवार सदस्यहरू हुन् । यही जिम्मेवारीबोधका कारण विशेष परिस्थितिमा पार्टीको पुनर्निर्माण र सुदृढीकरणका लागि महाधिवेशन माग गरेका हुन् । नियमित होस् वा विशेष, केन्द्र आफैंले आह्वान गरोस् वा हस्ताक्षरबाट बोलाइएको होस्, अधिवेशन अपरिहार्य छ र यो मंसिरभित्रै हुनुपर्दछ,’ चालिसे भन्छन् ।

विधानतः कांग्रेसले आउँदो मंसिर महाधिवेशन मसान्तभित्र १५औं महाधिवेशन गरिसक्नुपर्छ । तर असाधारण अवस्था आएमा वर्ष दिन म्याद थप गर्न पाउने व्यवस्था पनि कांग्रेसका विधानमा उल्लेख छ । कांग्रेस संस्थापनले क्रियाशील सदस्यता विवाद र चुनाव देखाउँदै महाधिवेशन सार्नुपर्ने बाध्यता रहेको जनाउँदै आएको छ । क्रियाशील सदस्यता व्यवस्थापन समितिको संयोजकमा महामन्त्री थापा छन् । थापाले कांग्रेस सभापति शेरबहादुर देउवा र कार्यवाहक सभापति खड्काको जिल्लाबाटै क्रियाशील सदस्यता विवरण नआएको बताउँदै आएका छन् । चुनावमा पनि जाने भएकोले यी दुवै विषयलाई ख्याल गर्दै जेठसम्ममा महाधिवेशन गर्दा ठीक हुने कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महत बताउँछन् । ‘हामी चुनावमा जाने भनिरहेका छौं । यहीबेला महाधिवेशन भनेर माथापच्ची गर्न पनि भएन । क्रियाशील पनि बनाउँदै गर्ने र जेठसम्ममा महाधिवेशन गर्ने गरी कार्यतालिका बनाउन सकिन्छ,’ महतले भने ।

विधानले सुविधा दिएको छ भन्दैमा लामो वर्ष दिन नै म्याद थपेर भने जान नहुने महतको तर्क छ । ‘विधानले सुविधा दिएको छ भनेर तन्काउने कुरा छैन । विधि, प्रक्रिया, निष्पक्षता, पारदर्शिता र सुनिश्चित हुनेगरी मिति तोकौं भन्ने छ,’ महतले भने ।

महामन्त्री थापाले मंसिर २७ देखि २९ भित्र महाधिवेशन गर्ने गरी कार्यतालिका ल्याउने प्रस्ताव केन्द्रीय कार्यसम्पादन समितिमा गरेका थिए । तर उनको प्रस्ताव पारित नहुँदा केन्द्रीय समितिमा यो विषय एजेण्डा बन्न सकेन । असोज २८ गते सभापति शेरबहादुर देउवाले केन्द्रीय समितिमा विशेष सम्बोधन गर्दै आफू उपचारका लागि सिंगापुर जाने भएकोले खड्कालाई कार्यवाहक सुम्पे । सभापति देउवा र उनकी पत्नी डा. आरजु राणा देउवा सोमबार सिंगापुर उडेका छन् ।

कार्यवाहक सभापति खड्काले भने केन्द्रीय समितिले नियमित महाधिवेशनबारे निर्णय लिने बताउँदै आएका छन् । ‘पार्टीका महाधिवेशन प्रतिनिधिहरूले प्रस्तुत गर्नुभएको विशेष महाधिवेशन प्रस्तावलाई पनि नियमित महाधिवेशनको सीमाभित्र जोडेर हामी सम्पूर्ण एकताका साथ अघि बढ्छौं,’ सोमबार कार्यवाहक सभापति खड्काले भनेका थिए ।

कांग्रेस संस्थापनइतरका नेता डा. शेखर कोइराला पनि मंसिरमै महाधिवेशन हुनुपर्ने बताउँछन् । गगननिकट नेताहरू भने चुनावअघि नै महाधिवेशन गरी नेतृत्व फेरेरमात्र चुनावमा जानुपर्ने बताउँछन् । ‘कांग्रेस नेतृत्व ले एक थान प्रधानमन्त्रीका लागि ओलीलाई गल्तीमाथि गल्ती गर्न ‘फ्रि-पास’ दिएको कारण आजको अवस्था आएको हो । यही नेतृत्व लिएर कांग्रेस चुनावमा जानै सक्दैन,’ कांग्रेस नेता सचिन तिमल्सिनाले भने ।

■■■

## मलेसिया...

‘यस्तो सिण्डिकेट हामी स्वीकार्दैनौं र आवश्यक परे यसको विरुद्ध सशक्त आन्दोलन हुन्छ,’ थापाले भने, ‘मलेसियाले भनेको मापदण्डभित्र रहेर काम गर्दा त एक छेउ व्यवसायीले पनि काम गर्न पाउँदैनन् । बायोमेट्रिक मेडिकलमा एकलौटी काम गरेजस्तै गर्न खोजेको देखिन्छ । त्यो सम्भव नै छैन ।’

बुधबार परराष्ट्र मन्त्रालयअन्तर्गतको दूतावास हेर्ने शाखामा नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष भुवनसिंह गुरुङसहित व्यवसायीहरूको टोली पुगेर यस विषयमा छलफल गरेको थियो । उक्त शाखाका अधिकारीहरूले नेपालको कानुन र संविधानभन्दा बाहिर गएर अर्को देशले मापदण्ड तोक्ने विषय मान्य नहुने प्रतिक्रिया दिएको छलफलमा सहभागी एक व्यवसायीले बताए ।

एकाधिकारको विषयमा व्यवसायीहरूले ध्यानाकर्षण गराएपछि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलेसमेत यसअघि नेपाल सरकारले खुला, पारदर्शी र भेदभावरहित भर्ना प्रक्रिया अवलम्बन गरेको भन्दै एकाधिकारको हल्लाको पछाडि नलाग्न भनेको थियो । सरकारले दुई-दुई पटक विज्ञप्ति नै निकालेर भनिसकेको अवस्थामा एकाधिकार कार्यान्वयन नहुने कतिपय व्यवसायीको विश्वास छ ।

संघका महासचिव महेश बस्नेतले आफूहरूले यस विषयमा मलेसियास्थित दूतावासमा कुरा गर्दा पत्र आएको पुष्टि भएको र संघले यसको प्रतिरोध गर्ने बताए । यसमा लाग्नेहरूको विवरण चाँडै सार्वजनिक गरिने उनले बताए ।

‘सीमित व्यवसायी या गैरव्यवसायीहरूले गर्न खोजेको यो षडयन्त्र हामीलाई स्पष्टरूपमा थाहा छ । यसमा लाग्नेलाई व्यवसायी भन्न मिलेन । ती सिण्डिकेटधारीहरूलाई हामीले नजिकबाट नियालिरहेका छौं, चाँडै सार्वजनिक गर्छौं,’ उनले भने । मलेसियन सरकारले पठाएको मापदण्ड अनावश्यक भएको र त्यसलाई यहीँका व्यवसायी, गैरव्यवसायीले बनाएर त्यहाँबाट लागू गराउन खोजेका बस्नेतको दाबी छ । श्रम मन्त्रालय र परराष्ट्र मन्त्रालयले यसले दीर्घकालीन असर गर्छ, यो षडयन्त्र हो भनेर कार्यान्वयन नगराउन पहल गर्नुपर्नेमा उनले जोड दिए ।

### अक्षरशः हेरेर अघि बढ्छौं: परराष्ट्र

यसैबीच परराष्ट्र मन्त्रालयले मलेसियास्थित नेपाली दूतावासबाट उक्त पत्र प्राप्त भएको जानकारी दिएको छ । मन्त्रालयका सहसचिव तथा प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले यथाशीघ्र पत्रको अध्ययन गरेर आवश्यक कदम चालिने बताए ।

‘हामीले दूतावासलाई के जानकारी आएको हो सम्पूर्ण विवरण उपलब्ध गराउन भनेका थियौं । उताबाट पत्र आइसकेको छ । त्यसको यथार्थ के हो भन्ने अक्षरशः हेरेर के गर्नुपर्ने हो त्यसैअनुसारको कारबाही हुन्छ,’ क्षेत्रीले भने । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले पनि परराष्ट्रबाट पत्र प्राप्त भएपछि थप कारवाही अगाडि बढाउने जानकारी दिएको छ ।

■■■

## एसोसिएसन...

लोकतान्त्रिक एसोसिएसनको विज्ञप्तिमा नेपालमा रहेका म्यानपावर कम्पनीहरूलाई वर्गीकरण गर्ने प्रयास नेपालका व्यवसायीको स्वाभिमानका साथै संविधानको बर्खीलाप हुने उल्लेख गरिएको छ । मलेसियाले तोकेको कार्यालयको क्षेत्रफलजस्ता मापदण्ड अनुचित रहेको र यस्तो मापदण्डको गुणस्तरीय सेवासँग कुनै सम्बन्ध नरहेको जनाइएको छ ।

एसोसिएसनले केही व्यवसायीहरू विभागीय मन्त्री नभएको अवस्थामा सिण्डिकेटको चलखेलमा लागेको र केही व्यवसायी देखावटीरूपमा विरोध गरेजस्तो गर्ने गरेको पनि औंल्याएको छ । त्यसैगरी, प्रगतिशील मञ्चले पनि मलेसिया सरकारले तोकेका अनावश्यक मापदण्डको पछाडि सीमित व्यवसायीलाई मात्र काम गर्न दिने ध्येय रहेको प्रस्ट पारेको छ । यस्ता गतिविधिमा संलग्नलाई कानुनी दायरामा ल्याउन मञ्च दत्तचित्त भएर लाग्ने विज्ञप्तिमार्फत जनाएको छ ।

सिण्डिकेटधारी समूहले ठूलो रकम असुल गरी सीमित एजेन्सीहरूलाई मात्र कामदार पठाउने अधिकार दिने आश्वासन दिएको सूचना आएको मञ्चले जनाएको छ ।

# त्रिविले सार्वजनिक गऱ्यो शैक्षिक क्यालेण्डर

**काठमाडौं (प्रस)–** त्रिभुवन विश्वविद्यालय (त्रिवि)ले यस वर्षदेखि सुरु हुने शैक्षिकसत्रका लागि ‘शैक्षिक क्यालेण्डर’ सार्वजनिक गरेको छ । त्रिविले यसै शैक्षिकसत्रका लागि स्नातक तह वार्षिक परीक्षा र सेमेस्टर प्रणाली तथा स्नातकोत्तर तह सेमेस्टर प्रणालीको ‘शैक्षिक क्यालेण्डर’ मंगलबार सार्वजनिक गरेको हो ।

त्रिविका शिक्षाध्यक्ष प्रा.डा. खड्ग केसीले त्रिविको प्राज्ञिक परिषद्बाट निर्णय गरेर नै ‘शैक्षिक क्यालेण्डर’ सार्वजनिक गरिएको जानकारी दिए । उनले समयमा नै कक्षा सञ्चालन, परीक्षा र परीक्षाफल प्रकाशन गर्नका लागि ‘शैक्षिक क्यालेण्डर’ सार्वजनिक गरिएको बताए । उनले त्रिविका ६४ आंगिकसहित सम्बन्धनप्राप्त क्याम्पस र ४४ केन्द्रीय निकायलाई ‘शैक्षिक क्यालेण्डर’अनुसार कक्षा सञ्चालन, परीक्षा र परीक्षाफल प्रकाशन गर्न निर्देशनसमेत दिइसकेको जानकारी दिए ।

त्रिविले स्नातक तहको चार वर्षे वार्षिक कार्यक्रम र आठ सेमेस्टर प्रणाली तथा स्नातकोत्तर तहका चार वटा सेमेस्टर प्रणालीको ‘शैक्षिक क्यालेण्डर’ सार्वजनिक गरेको हो । ‘शैक्षिक क्यालेण्डर’अनुसार स्नातक तह सेमेस्टर प्रणालीको भर्ना परीक्षा फाराम यही कात्तिकसम्म, प्रवेश परीक्षा, भर्ना र कक्षा सञ्चालन मंसिरलाई तोकिएको छ ।

स्नातक तहतर्फ आठवटा सेमेस्टर भएकाले निर्धारित सममा भर्ना, कक्षा सञ्चालन, परीक्षा र परीक्षाफल प्रकाशित गर्ने कार्यतालिका शैक्षिक क्यालेण्डरमा रहेको छ । प्रथम सेमेस्टरको परीक्षा यही २०८२ चैतभित्र र परीक्षाफल २०८२ असारमा प्रकाशित गर्ने क्यालेण्डरमा उल्लेख गरिएको छ ।

यस्तै, स्नातक तहको आठ सेमेस्टर निर्धारित चार वर्षमा सक्नेगरी क्यालेण्डर बनाइएको छ । आठ सेमेस्टरको कक्षा सञ्चालन २०८६ माघमा, परीक्षा २०८७ जेठ र परीक्षाफल प्रकाशित २०८७ भदौमा गर्ने उल्लेख छ । यस्तै स्नातक तहको वार्षिक कक्षाका लागि साउनदेखि मंसिरसम्म भर्ना र मंसिरदेखि कक्षा सञ्चालन, २०८३ वैशाखमा परीक्षा फाराम भर्ने, २०८३ साउनमा परीक्षा र २०८३ कात्तिकमा परीक्षाफल प्रकाशन गर्ने क्यालेण्डरमा उल्लेख गरिएको छ ।

यस्तै, वार्षिक कक्षाअन्तर्गत चार वर्षको अध्ययन २०८५ चैतमा सक्ने त्रिविको लक्ष्य रहेको छ । चौथौ वर्षको कक्षा सञ्चालन २०८४ चैतमा सुरु, २०८५ को कात्तिकमा परीक्षा फाराम भर्ने, सोही वर्षको पुसमा परीक्षा र चैतमा परीक्षाफल प्रकाशित गर्ने कार्यतालिका क्यालेण्डरमा उल्लेख गरिएको छ ।

## बीमालेख हराएको सूचना

मिति २०८२/०६/२६ गते गोरखा देखि काठमाण्डौसम्म जाँदा मेरो निम्न व्यहोरा भएको एलआइसी नेपालबाट जारी बिमालेख हराएको हुँदा पाउनुहुने महानुभावले मेरो निम्न ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन अनुरोध गर्दछु ।

**नाम थर : दल बहादुर थापा**
**ठेगाना : गोरखा**
**बीमालेख नं. : ११००१९३७६**
**सम्पर्क नं. : ९८४९२७७९५७**

## मोटरसाइकल हराएको सूचना

मिति २०८२।०७।०४ गते का.जि.ता.न.पा. वडा नं.८, फुटुङ स्थित पार्किङ गरिराखेको निलो/कालो रङ्गको **150 cc Pulsar** मोडल मोटरसाइकल दिनको अन्दाजी १२:०० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**कम्पनीको नाम : बजाज (हुलास अटो क्राफ्ट)**
**बाइक नं.: बा.प्र.२-०५६- प ४५३१**
**च्यासिस नं.: MD2A11CX35PL66054**
**इन्जिन नं. : DHXPSL57250**
**सम्पर्क नं. ९८४३७५२१७५**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७४/०६/०६ मा दर्ता भएको प्रा.लि. नं. १७५७८८ को सुप्रिमा एण्ड बिक्रम ट्रेडर्स प्राइभेट लिमिटेड नामक कम्पनी यस कार्यालयको मिति २०८२/०५/२६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिर्वतन सम्बन्धी सूचना

**पहिलो पटक प्रकाशित मिति : २०८२/०७/१३ गते**

यस कम्पनीको मिति २०८२/०५/११ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **होटल सिम्बायोसिस** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०६/०९ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **होटल सम्पूर्ण इन (प्रा.लि.नं. ५२७३३)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## Jahada Rural Municipality
## Office Of The Rural Municipal Executive

Morang , Koshi Province, Nepal

### Re-Invitation For E-Bid

**Date Of Publication: 13Th Kartik, 2082**

1. Jahada Rural Municipality, Office Of the Municipal Executive, Morang, Koshi Province, Nepal, invites electronic bids only.

| IFB No. | Work Descriptions | Estimated Amount (With VAT) NRs. | Bid Document Cost NRs. | Pre-Bid Meeting | Last Date Of Bid Submission | Bid Opening Date | Bid Security Amount (NRs) |
|---|---|---|---|---|---|---|---|
| JRM/WORKS/ NCB/082/83-11 | Mahadevkole Rajkumar Mukhiya Ko Ghar Dekhi Mul Sadak Jodne Sadak Kalopatre Jahada-7 | 83,48,834.42 | 3000 | - | 12:00 Hrs. on 2082/07/28. | 14:00 Hrs. on 2082/07/28. | 2,10,000.00 |

The details of the project is as follows :
*Contact: 9820730035, 9820730031*

*For other details please visit bolpatra.gov.np/egp*

**Roshan Kumar Gupta**
**(Chief Administrative Officer)**

## मलेसियामा रोजगार

कम्पनी : KONSULTAN KHIDMAT SETIA SDNBHD

पूर्व स्वीकृति मिति : २०८१/१२/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/१२ | LT. No. 321492 | चलानी नं. ६०२३५६००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 200 | 0 | 1700 | ५७,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक २० गते (6th Nov. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MHRS

**MOBHIRA H.R. SERVICE PVT. LTD.**
Gaushala, Bijayachowk, Kathmandu BAGMATI, Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com
श्रम ईजाजत नं. १००१/०६८/६९

## कुवेतमा रोजगार

कम्पनी : OAK AND SMOKE RESTAURANT COMPANY | शहर : Salmiya

पूर्व स्वीकृति मिति : २०८१/११/२० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/१२ | LT. No. 319735 | चलानी नं.६०२३३९४०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter/Waitress | 10 | 0 | 130 | ५९,८८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cook/Commis I | 5 | 0 | 180 | ८२,९१५ | | | | | | | |
| 3 | ection Cook/Commis II | 7 | 0 | 150 | ६९,०९५ | | | | | | | |
| 4 | COMMI 3 | 7 | 0 | 140 | ६४,४९० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक २० गते (6th Nov. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ERN EXPRESS
Govt. License No. 1613/079/080

**EXPRESS RECRUITER NEPAL PVT. LTD**
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

## कुवेतमा रोजगार

कम्पनी : Aryam Alahlia General Trading and Contracting Company

पूर्व स्वीकृति मिति : २०८१/०६/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/१२ | LT. No. 311603 | चलानी नं. ६०२२६०९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MASSAGIST | 6 | 0 | 150 | ६९,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक २० गते (6th Nov. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

## साउदीमा रोजगार

कम्पनी : IRAD AL KHAIR GENERAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०९/०३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/१२ | LT. No. 315569 | चलानी नं. ६०२२९८७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & unloading workers | 20 | 0 | 1000 | ३७,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक २० गते (6th Nov. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET

**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम ईजाजत नं. ८३३/०६६/०६७

## मलेसियामा रोजगार

कम्पनी : 1 SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८१/१२/२८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/१२ | LT. No. 321852 | चलानी नं. ६०२३५९५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 20 | 0 | 1700 | ५७,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक २० गते (6th Nov. 2025) मा हुनेछ ।**

कम्पनी : ZINS SECURITY SERVICES SDN. BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/०५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/१२ | LT. No. 331330 | चलानी नं. ६०२४५१०२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 35 | 0 | 1700 | ५६,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक २१/२२/२३/२४ गते (7/8/9/10 Nov. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC 1675/080/81

**STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD**
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159, 9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com

राजनीतिक दल र जेन-जी समूहलाई प्रधानमन्त्रीको आग्रह-

# 'मुलुक हामीले नै बनाउने हो, निरन्तर छलफलमा रहौं'



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री सुशीला कार्कीले सरकार, राजनीतिक दल र जेन-जी समूहहरूबीच निरन्तर छलफल र विचार आदानप्रदान हुनुपर्ने बताएकी छन् । प्रधानमन्त्रीनिवास, बालुवाटारमा बुधबार भएको त्रिपक्षीय छलफलमा प्रधानमन्त्री कार्कीले नेपालको समस्या सबै नेपाली मिलेर सामना गर्नुपर्ने भएकाले आपसमा पर्याप्त छलफल गर्न सहभागीलाई आग्रह गरिन् ।

प्रधानमन्त्रीको सचिवालयका अनुसार प्रधानमन्त्री कार्कीले संवादको सुरुआतमा भनिन्, 'सबै विचारको आदानप्रदान गरौं । मुलुक हाम्रो हो, हामीले नै बनाउने हो, हामीले नबनाए कसैले बनाइदिँदैन । एकपटकको कुराकानीले हुँदैन, बारम्बार हुनुपर्छ । हामीले सुरुआत गरेका छौं र यसलाई निरन्तरता दिऔं ।'

निर्वाचनको माहोल बनाउन यस प्रकारको पहिलो र महत्त्वपूर्ण छलफल प्रधानमन्त्री कार्कीले राखेकी हुन् ।

छलफलमा सहभागी जेन-जी समूहका प्रतिनिधिले चुनाव गर्नुपर्ने तर चुनाव चुनाव भनेर मात्र नहुने तर्क गर्दै आन्दोलनको मुख्य माग सुशासन भएकाले भ्रष्टाचारविरुद्धको कारबाहीको काममा सरकारले उत्तिकै ध्यान दिनुपर्नेमा जोड दिएका थिए ।

बैठकमा सरकारकोतर्फबाट गृहमन्त्री ओमप्रकाश अर्याल, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री डा. महावीर पुन र सञ्चार, सूचना तथा प्रविधिमन्त्री जगदीश खरेल सहभागी थिए । दलका नेताहरू नारायणकाजी श्रेष्ठ, वर्षमान पुन, माधव सापकोटा, प्रकाश अधिकारी, दीपक कार्की, प्रकाश ज्वाला, राजेन्द्र पाण्डे, मोहन श्रेष्ठ, राजेन्द्र गुरुङ, निशा डाँगी, स्वर्णिम वाग्ले, महेश बर्तौला, क्षितिज थेबे, वसन्त कुशवाह, प्रकाशशरण महत र जेन-जीको तर्फबाट मिराज ढुंगाना, विवेक दाहाल, जेम्स कार्की, अमित खनाल र राजन रानामगरको सहभागिता रहेको थियो ।

## राष्ट्रिय सभा सदस्यको निर्वाचन ११ माघमा

**काठमाडौं (प्रस)–** सरकारले राष्ट्रिय सभा सदस्यको रिक्त पदपूर्तिका लागि आगामी माघ ११ गते आइतबारका दिन निर्वाचनको मिति तोक्ने निर्णय गरेको छ । शुत्रबार बसेको मन्त्रिपरिषद्को बैठकले राष्ट्रिय सभाको निर्वाचन माघमा गर्ने निर्णयसहित पाँच निर्णय गरेको नेपाल सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जानकारी दिए ।

बैठकले नेपाल र मौरिसेसबीच भएको दोहोरो कर मुक्ति सम्झौता अन्त्य गर्ने, संघीय संसद्का पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधासम्बन्धी ऐन, २०७३ को अनुसूची-२ हेरफेर गर्ने र स्वकीय सचिवालयको दरबन्दी घटाउने निर्णय गरेको उनले बताए ।

यसैगरी छापाखाना र प्रकाशनसम्बन्धी दोस्रो संशोधन नियमावली, २०८२ स्वीकृत गर्ने निर्णय भएको जानकारी दिँदै सञ्चारमन्त्री खरेलले अब अनलाइनको दर्ता र नवीकरणसम्बन्धी व्यवस्था राजपत्रमा प्रकाशित भएपछि लागू हुने स्पष्ट गरे ।

कतारको दोहामा आयोजना हुने 'सेकेण्ड वर्ल्ड समिट फर सोसियल डेभलपमेन्ट' विषयक कार्यक्रममा सहभागी हुनेक्रममा राष्ट्रपति रामचन्द्र पौडेलको नेतृत्वमा यही कात्तिक १७ देखि २० गतेसम्म हुने औपचारिक भ्रमणलाई स्वीकृत गरको पनि प्रवक्ता खरेलले जानकारी दिए ।

लुक्ला अस्पतालको २० वर्षे यात्रा

# तीन लाख बिरामीको उपचार आफ्नै हाइड्रोबाट आत्मनिर्भर

■ प्रभाव संवाददाता

**सोलुखुम्बु–** हिमालको काखमा अवस्थित पासाङल्हामु निकोल निक्की अस्पताल, लुक्लाले विगत दुई दशकमा प्राप्त उपलब्धिहरू सार्वजनिक गरेको छ । आफ्नो २०औं वार्षिकोत्सवको अवसरमा आयोजित कार्यक्रममा अस्पतालले उपलब्धिहरू सार्वजनिक गरेको हो ।

अस्पतालका कार्यकारी निर्देशक पासाङकाजी शेर्पाका अनुसार स्थापना भएको २० वर्षमा अस्पतालले तीन लाखभन्दा बढी बिरामीको उपचार र एक हजार ५०० शिशुको सुरक्षित जन्म गराएको छ । सगरमाथा आरोहणको सम्झनामा स्थापना गरिएको यस सामुदायिक अस्पतालले हिमाली क्षेत्रका स्थानीयवासीदेखि स्वदेशी र विदेशी पर्यटकसम्मका लागि जीवनरक्षक स्वास्थ्य सेवा प्रदान गर्दै आएको उनले बताए ।

निर्देशक शेर्पाका अनुसार राष्ट्रिय विभूति पासाङल्हामु शेर्पाले हिमाली समुदायका लागि अस्पताल निर्माण गर्ने सपना देखेकी थिइन् । तर, सगरमाथा आरोहणकै क्रममा उनको निधन भएपछि त्यो सपना अपूरो रहयो । त्यही बेला स्विट्जरल्याण्डकी पहिलो महिला ट्रेकिङ गाइड निकोल निक्की हिमालय आरोहणको क्रममा दुर्घटनामा पर्दा लुक्लामा उनको भेट




पासाङल्हामुका भाइ आङगेलु शेर्पासँग भयो । पछि आङगेलु निकोलसँगै स्विट्जरल्याण्डमा पनि साथमा रहे । निक्कीले पासाङल्हामुको अपूरो सपना पूरा गर्ने प्रतिबद्धता जनाउँदै करिब २५ वर्षअघि लुक्लामा अस्पताल निर्माणको पहल गरेकी थिइन् । फलस्वरूप दुवै साहसी महिलाको नाममा पासाङल्हामु निकोल निक्की अस्पताल स्थापना भएको निर्देशक शेर्पा बताउँछन् ।

अस्पतालले मातृस्वास्थ्य, बालस्वास्थ्य, आपत्कालीन उपचारदेखि हड्डी र आँखासम्बन्धी स्वास्थ्य शिविरसम्म निरन्तर सेवा प्रदान गर्दै आएको उनले बताए । निर्देशक शेर्पाका अनुसार हिमाल आरोहण र ट्रेकिङका क्रममा घाइते हुने पर्यटकहरूलाई तत्काल रेस्क्यु गरी उपचार गर्ने व्यवस्था गरिएको छ । सोलुखुम्बुका चौरीखर्क, लुक्ला, सेर्कु र नाम्चेसम्मका बासिन्दाले पनि यसै अस्पतालबाट उपचार लिँदै आएका छन् ।

कार्यक्रममा नेपालका लागि स्विट्जरल्याण्डकी राजदूत डानिएला भेरोनिक मोलीले अस्पताललाई स्विस-नेपाली मित्रताको प्रतीक भन्दै प्रशंसा गरिन् । उनले भनिन्, 'हिमालको मुटुमा अवस्थित यो अस्पतालले दुई दशकदेखि निरन्तर स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ, जुन स्विट्जरल्याण्ड र नेपालको मैत्री सम्बन्धको उज्यालो उदाहरण हो ।'

खुम्बु पासाङल्हामु गाउँपालिकाका अध्यक्ष मिंमाछिरिङ शेर्पाले अस्पतालले स्थानीय तथा पर्यटक दुवैका लागि जीवनरक्षक भूमिका खेलेको बताए । 'यो अस्पतालले प्रसूति सेवा, गर्भाशय उपचार, निःशुल्क औषधि वितरण र हिमाली स्वास्थ्य सचेतनामा अमूल्य योगदान पुऱ्याएको छ,' उनले भने ।

स्विट्जरल्याण्डबाट आएकी अस्पतालकी संस्थापक निकोलले २० वर्ष कसरी बित्यो पत्तै नपाएको बताउँदै स्विस दाताद्वय रब र राल्फको सहयोगमा स्थापना भएको 'बर्थ चिल्ड्रेन एजुकेसन प्रोजेक्ट'ले अस्पतालमा जन्मिएका प्रत्येक बालबालिकालाई कक्षा १० सम्म वार्षिक २२० स्विस फ्रांक छात्रवृत्ति उपलब्ध गराईँदै आएको जानकारी दिइन् । उनका अनुसार यो वर्षमात्रै २६१ बालबालिकाले छात्रवृत्ति प्राप्त गरेका छन् ।

२५ शयया क्षमताको यो अस्पतालमा दुई चिकित्सकसहित २५ जना कर्मचारी कार्यरत छन् । अस्पतालले आफ्नो २१ किलोवाटको हाइड्रोपावर र नौ किलोवाटको सोलार प्रणालीबाट विद्युत् उत्पादन गरी स्वावलम्बीरूपमा सञ्चालन गरिरहेको छ । आर्थिक अभाव भएका बिरामीहरूको निःशुल्क उपचार गर्ने तथा काठमाडौं 'रिफर' गर्नुपर्ने अवस्थामासमेत आर्थिक सहयोग गर्ने परम्परालाई अस्पतालले निरन्तरता दिएको छ ।

कार्यक्रममा पासाङल्हामु फाउण्डेसनकी अध्यक्ष तथा पूर्वराजदूत दावाफुटी शेर्पा, पासाङल्हामु शेर्पाका दाजु क्याप्टेन आङगेलु शेर्पा, स्विसका पूर्वराजदूतसहित स्विस नागरिकहरू उपस्थित थिए ।


साउदीमा रोजगार | कम्पनी : AHMAD SAEED ALHADDAL COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०४/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/१२ | LT. No. 328164 | चलानी नं. ६०२४२१२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 4 | 0 | 1800 | ६७,२१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक २० गते (6th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD. | श्रम ईजाजत नं. ५७४/०६२/०६३

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492

Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



बिश्वरूप बचत तथा ऋण सहकारी संस्था लि.

का.म.न.पा-७, चावहिल, काठमाडौं, फो नं.- ०१-४५८३५९६

कर्जा चुक्ता गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरूरी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८२/०५/२२

दोस्रो पटक प्रकाशित मिति: २०८२/०७/१३

यस संस्थाबाट कर्जा लिएका तपशिलमा उल्लेखित ऋणी सदस्यहरूले तपशिलमा उल्लेखित अचल सम्पत्ति धितो राखी लिएको ऋण समयसिमा भित्र चुक्त नगर्नु भएकोले कर्जा लिंदाका बखत यस संस्थासँग गरेको शर्त कवुलियत उल्लंघन हुन गएको र पटक पटक प्रत्यक्ष भेटबाट, मौखित एवं लिखित तथा टेलिफोन सम्पर्कद्वारा सूचनाहरु पठाई तारताकेता गर्दा पनि ऋणको तिर्नुपर्ने साँवा, ब्याजा र अन्य दै-दस्तुर नतिरेको/नबुझाएको हुनाले यो सूचना प्रकाशित गर्न संस्था बाध्य भएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस संस्थामा आई आफुले तिर्नु बुझाउनुपर्ने ऋणको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत दिइएको म्यादभित्र कर्जा चुक्ता गर्नुहुन अनुरोध छ । अन्यथा ऋण असुलिका लागि सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ सहकारी मापदण्ड २०६८ र संस्थाको विनियम तथा संस्थाको कर्जा असुली कार्यीवधि बमोजिम धितोमा रहेको घरजग्गा लगायत लिगलिगापात लिलाम बिक्रीको कार्य गरिनेछ । ऋण लिदाको समयमा संस्थालाई दिएको धितो लिलामबाट सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा सम्बन्धित सबै ऋणीको जानकारीका निमित्त यो सूचना प्रकाशन गरिएको छ । यसरी धितो लिलाम गर्दा ऋण असुल नभएमा अपुग रकम ऋणी सदस्य, व्यक्तिगत धन जमानी बस्ने र एकाघरका सगोलका व्यक्तिहरूबाट प्रचलित कानुन अनुसार असुलउपर गरिने छ ।

तपशिल

| क्र.सं. | ऋणीको तिनपुस्ते विवरण | धनजमानिको तिनपुस्ते विवरण |
|---|---|---|
| १. | नाम : केदार विश्वकर्मा<br>ना.प्र.नं. : २८६०८, दोलखा<br>बाबुको नाम : कृष्ण बहादुर विश्वकर्मा<br>बाजेको नम : लाल बहादुर विश्वकर्मा<br>ठेगाना : का.जि. बुढानिलकण्ठ-२, भंगाल, कपन | १. नाम : राजु विश्वकर्मा<br>ना.प्र.नं. : १४८८८५, सिन्धुपाल्चोक<br>बाबुको नाम : अमिर बहादुर विश्वकर्मा<br>बाजेको नाम : साने कामी<br>ठेगाना : सुनकोशी-४, सिन्धुपाल्चोक हाल बु.न.पा-२, भंगाल, काठमाडौं<br><br>२. नाम : केवल गुरू<br>बाबुको नाम : गणेश गुरू<br>बाजेको नाम : विष्णु गुरू<br>ठेगाना : चपुर-३, रौतहट<br>हाल बु.न.पा-२, भंगाल, काठमाडौं |
| **धितोको विवरण**: केदार विश्वकर्माको नाममा मालपोत कार्यालय चावहिलमा एकलौटी दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला बुढानिलकण्ठ-२, भंगाल हाल (साविक चपली भद्रकाली ८) नक्सा सिट नं.१०२०९०८१९ कित्ता नं.१९, क्षेत्रफल ९५.३८-०-०-० व.मी जग्गा घर लगायत लिगलिगापात समेत सम्पूर्ण । | | |
| २. | नाम : बिराज सिलवाल<br>ना.प्र.नं. : २४१०७३/१८१५९ सिन्धुपाल्चोक<br>बाबुको नाम : दुर्गा विक्रम सिलवाल<br>बाजेको नम : रित विक्रम सिलवाल<br>ठेगाना : भोटेनाम्लाङ-९, सिन्धुपाल्चोक<br>हाल का.म.न.पा-७, चावहिल, काठमाडौं | १. नाम : शर्मीला सिलवाल<br>ना.प्र.नं. : १५१०४७, सिन्धुपाल्चोक<br>बाबुको नाम : दुर्गा विक्रम सिलवाल<br>बाजेको नाम : रित विक्रम सिलवाल<br>ठेगाना : भोटेनाम्लाङ-९, सिन्धुपाल्चोक हाल का.म.न.पा-७, चावहिल, काठमाडौं<br><br>२. नाम : निराज सिलवाल<br>ना.प्र.नं. : २४-०-३९-०५५३९, सिन्धुपाल्चोक<br>बाबुको नाम : दुर्गा विक्रम सिलवाल<br>बाजेको नाम : रित विक्रम सिलवाल<br>ठेगाना : भोटेनाम्लाङ-९, सिन्धुपाल्चोक हाल का.म.न.पा-७, चावहिल, काठमाडौं<br><br>३. नाम : धिरज विक्रम सिलवाल<br>ना.प्र.नं. : २४-०-७१-००४७५, सिन्धुपाल्चोक<br>बाबुको नाम : दुर्गा विक्रम सिलवाल<br>बाजेको नाम : रित विक्रम सिलवाल<br>ठेगाना : भोटेनाम्लाङ-९, सिन्धुपाल्चोक हाल का.म.न.पा-७, चावहिल, काठमाडौं |
| **धितोको विवरण**: बिराज सिलवाल, निराज सिलवाल र धिरज विक्रम सिलवालको संयुक्त नाममा मालपोत कार्यालय सिन्धुपाचोक, चौतारामा संयुक्तको नाममा दर्ता श्रेष्ता कायम रहेको सिन्धुपाल्चोक जिल्ला भोटेनाम्लाङ -९, मा रहको वडा नं./नक्सा सिट नं.९ कित्ता नं.३४७, ३४८, रैकर निजी क्षेत्रफल, रोपनी/ब.मि ५-२-३-२, २६३५.११, ६-८-३-०, ३३३०.६६ जम्मा क्षे.फ.व.मी ५,९६५.७७ जग्गा लगायत लिगलिगापात समेत सम्पूर्ण । | | |



रोशी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रोशी-७, अमलटार, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

आन्तरिक आय संकलन सम्बन्धी बोलपत्र आव्हानको सूचना

तेस्रो पटक प्रकाशित सूचना मितिः २०८२।०७।१३

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६२ (क) बमोजिम यस रोशी गाउँपालिकाबाट आ. व २०८२।८३ को लागि देहाय बमोजिमको आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले बागमती प्रदेश सरकारको आर्थिक ऐन २०८१ अनुसूची- ५ मा तोकिएको दररेट बमोजिम स्वीकृत प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन (IEE) मा उल्लेखित क्षेत्रहरूबाट स्वीकृत परिमाण भन्दा बढी उत्खनन नहुने गरी ढुंगा, गिट्टी, बालुवा, माटो, डष्ट आदि संकलन तथा बिक्री शुल्कको ठेक्का लिन इच्छुक फर्म वा कम्पनीहरूबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्नानुसारको विषय क्षेत्रभित्र बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी या म्याद नाघी प्राप्त हुन आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

ठेक्का सम्बन्धी विवरण :

| क्र.सं. | आन्तरिक आय ठेक्का संकेत | ठेक्काको विषय क्षेत्र | आ.व २०८२/८३ का लागि कायम न्यूनतम अंक (मू.अ.कर बाहेक) | बोलपत्र दस्तुर | स्वीकृत दररेट (मू.अ.कर बाहेक) | धरौटी/जमानत रकम |
|---|---|---|---|---|---|---|
| १ | RRM/REV-1/2082/083 | अँधेरी खोला बगर क्षेत्र | २५,२९,८२४।५० (रू. पच्चिस लाख उनान्तीस हजार आठ सय चौबिस रूपैया र पैसा पचास मात्र) | ३,०००/- | ढुंगा, गिट्टी, बालुवा, ग्राभेल प्रति घनफिट (मु.अ.कर बाहेक) रू. ७/- | मु.अ.कर सहित कबोल अंकको ५ प्रतिशत |
| २ | RRM/REV-2/2082/083 | रोशी खोला नांगसाल क्रसर देखि घुमाउने दहसम्म | ९५,४७,५०४।८० (रू. पन्चानब्बे लाख सत्चालिस हजार पाँच सय चार रूपैया र पैसा असि मात्र) | ३,०००/- | | |
| ३ | RRM/REV-3/2082/083 | रोशी खोला तार्के खोला दोभानदेखि कल्लेरीबेशी नाग पोखरीबाट | १,६०,५४,३५७।१५ (रू. एक करोड साठी लाख चौउन्न हजार तिन सय सन्ताउन्न रूपैया र पैसा पन्ध्र मात्र) | ३,०००/- | | |
| ४ | RRM/REV-4/2082/083 | पोडा खोला बगर क्षेत्र | ६०,६५,०९२।०६ (रू. साठी लाख पैसाठी हजार बयानब्बे रूपैया र पैसा छ मात्र) | ३,०००/- | | |
| ५ | RRM/REV-5/2082/083 | रोशी खोला चौकीडाँडादेखि घुमाउनेसम्म | १,२६,१३,०८५।१० (रू. एक करोड छब्बिस लाख तेह्र हजार पचासी रूपैया र पैसा दश मात्र) | ३,०००/- | | |
| ६ | RRM/REV-6/2082/083 | नार्के खोला बगर क्षेत्र | ५६,३५,३८२।२७ (रू. छपन्न लाख पैंतिस हजार तिन सय बयासी रूपैया र पैसा सत्ताइस मात्र) | ३,०००/- | | |
| ७ | RRM/REV-7/2082/083 | भष्मे खोला | १३,७९,०३०।६४ (रू. तेह्र लाख उनान्असी हजार तिस रूपैया र पैसा चौसाठी मात्र) | १०००/- | | |
| ८ | RRM/REV-9/2082/83 | रोशी नदी (पिन्थलीबेशी बुद्धचोकदेखि कालढुंगा भ्याकुरे) | ८३,३१,७४३।५४ (रू. त्रियासी लाख एकतिस हजार सात सय त्रिचालिस रूपैया र पैसा चौउन्न मात्र) | ३,०००/- | | |
| ९ | RRM/REV-10/2082/083 | रोशी नदी (नाङसाल क्रसर देखि पिन्थलीबेशी बुद्धचोक) | ६९,७४,०३५।०२ (रू. उनान्सत्तरी लाख चौहत्तर हजार पैंतिस रूपैया र पैसा दुई मात्र) | ३,०००/- | | |

शर्तहरु :

१. बोलपत्र फाराम खरिद गर्न इच्छुक बोलपत्र दाताले मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, अद्यावधिक फर्म नबिकरण प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी वा म्याद थप पत्रको प्रतिलिपी, यस गाउँपालिकाको सिद्धार्थ बैंक, कटुञ्जे शाखामा रहेको आन्तरिक राजस्व खाता नं ०३६१८२११५५०, राजस्व शीर्षक नं. १४२२९ मा जम्मा गरी श्री सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को वेभसाईट www.bolpatra.gov.np/egp system बाट Bid Document खरिद गरि मिति २०८२।०७।२८ गते दिनको १२:०० बजेसम्म E-Bidding मार्फत पेश गर्नुपर्ने छ । बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट पेश गर्ने तथा खोल्ने मिति कायम हुनेछ ।

२. बोलपत्र फारम साथ धरौटी वापत कवोल अंकको ५ (पाँच) प्रतिशतले हुने जमानतको रकम यस कार्यालयको सिद्धार्थ बैंक, कटुञ्जे शाखामा रहेको धरौटी खाता नं. ०३६१५०३१७२१ मा रकम जम्मा गरेको सक्कलै भौचर वा सूचनामा जारी भएको मितिले कम्तिमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गको वाणिज्य बैंकको ग्यारेन्टी पेश गर्नुपर्ने छ ।

३. यस सम्बन्धमा थप जानकारी रोशी गाउँपालिकाको कार्यालय रोशी- ७ अमलटार, काभ्रेपलाञ्चोकबाट प्राप्त गर्न सकिने छ । साथै ठेक्का सम्बन्धी कुनै जानकारी आवश्यक रहेमा ९८४१-४२४२४२ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## निर्वाचनको वातावरण बनाउन स्वागतयोग्य कदम

**सरकारले फागुन २१ गतेका लागि निर्वाचन तोके पनि दलहरूसँग संवाद नगरेका कारण यो संशयको विषय बनेको थियो । तर पछिल्लो समय प्रधानमन्त्री सुशीला कार्कीले राजनीतिक दलसँग संवाद बढाएसँगै यो संशय हट्दै गएको छ । तिहारअघि प्रधानमन्त्री कार्कीले कात्तिक ४ गते राजनीतिक दलका प्रतिनिधिसँग वार्ता गरेकी थिइन् । सोही छलफललाई निरन्तरता दिन प्रधानमन्त्री कार्कीले बुधबार दल र जेन–जीका प्रतिनिधिसँग त्रिपक्षीय वार्ता गरेकी छन् । वार्तामा संलग्नहरूको धारणा सुन्दा धेरैजना उत्साहित सुनिएका छन् ।**

**दलका प्रतिनिधिले निर्वाचनलाई साथ दिने प्रतिबद्धता जनाएका छन् । नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टीलगायत दलहरूले निर्वाचनमा खुलेर साथ दिन प्रतिबद्धतासमेत जनाएका छन् । नेकपा एमालेले जेन–जी आन्दोलनको क्रममा लुटिएका हतियारलाई सरकारले फिर्ता नगराउँदासम्म निर्वाचनको वातावरण नबन्ने अडान राखेको छ । निर्वाचनका लागि शान्तिपूर्ण वातावरण बनाउन यो पनि राम्रो सुझाव हो ।**

**प्रधानमन्त्री कार्कीले यो छलफललाई निरन्तरता दिने बताइसकेकी छन् । निर्वाचन तोकेपछि जेन–जी र दलबीच सार्वजनिकरूपमा भएको यो छलफलले सकारात्मक सन्देश जाने देखिन्छ । यसले एक त चुनावी वातावरण बन्दै जाने छ भने दल र जेन–जी सहमतिको बिन्दुमा पुग्ने छ । भदौ २३ र २४ को जेन–जी विद्रोहपछि बनेको सरकार, दल र जेन–जी समूह एकअर्कासँग सशंकित थिए । जेन–जीले दलका नेताहरूलाई कारबाही गर्नुपर्ने, भ्रष्टाचारमा संलग्न दलका नेताहरूलाई अनुसन्धानमा तानिनुपर्नेलगायतका विषय अगाडि ल्याएका थिए । यी विषयले दलका नेताहरू त्रसित थिए । जेन–जीको पहिलो माग तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीसहित उनको मन्त्रीमण्डलका गृहमन्त्री रमेश लेखकलाई कारबाही गर्नुपर्छ भन्ने हो । उनै ओलीको दल एमालेलेमात्र निर्वाचनमा सहभागी हुने वातावरण नबनेको बताउँदै आएको छ । यस्तो अवस्थामा अरु ठूला दलले उनलाई साथ दिएको देखिन्न ।**

**निर्वाचनको वातावरण तयार हुँदै जाँदा एमालेले समर्थन नगरे ओलीलाई पक्राउ गर्ने वातावरण पनि बन्दै जाने देखिन्छ । जसकारण पनि एमाले आफैं पनि बाध्य भएर निर्वाचनमा भाग लिन आउने देखिन्छ । जेन–जी विद्रोहलाई संस्थागत गर्न पनि निर्वाचन आवश्यक छ । प्रतिनिधिसभालाई पटक–पटक विघटनतिर लैजाने र शासन व्यवस्थालाई अराजकतामा लैजाने शासकको विरुद्ध अब नयाँ जनमत लिनैपर्छ । यसका लागि प्रधानमन्त्री कार्कीले चालेको कदम स्वागतयोग्य छ । संवादहीनताको अवस्था अन्त्य भएको छ । यो क्रमले निरन्तरता पाओस् ।**

### श्रम सरोकार

## वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँ( दा हुने फाइदाहरुः

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।
- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन । गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।

# बहिनी–दाजुभाइबीच प्रेमको प्रतीक सामा चकेवा



शीतलप्रसाद महतो

पूर्वी तराई र मधेस प्रदेशको प्राचीन सामाजिक, पारिवारिक संस्कार र परम्परालाई इंगित गर्ने यो पर्व लोकनाट्यको एउटा रूप हो, जसमा महिला सूत्रधार र पात्रमा माटोका मानव, पशु र चराको आकृति हुन्छन् । छठ पर्वको खरना (पञ्चमी) का दिन मूर्तिहरूलाई सेतो बनाउनका लागि अरूवा चामलको लेपन गरिन्छ । त्यसपछि सुहाउँदो र इच्छानुसारका रङहरु प्रयोग गरी सामालाई सिंगारिन्छ । हरिबोधिनी एकादशीभन्दा पूर्व सम्पूर्ण सामग्री बनाई सकिन्छ । तराई भेगमा घरघरमा माटोका मूर्तिहरु बनाउनुलाई महिलाको मूर्तिकलाप्रतिको चाख र कौशल प्रदर्शन गर्ने माध्यमको रूपमा पनि लिइन्छ ।

दिदी-बहिनीद्वारा दाजुभाइको दीर्घायु, आरोग्य र ऐश्वर्य प्राप्तिको कामना गरिने पर्व हो, सामा चकेवा । तराई-मधेसमा प्रत्येक साँझ अहिले धार्मिक परम्पराअनुसार हर्षोल्लासका साथ यो पर्व मनाइँदै छ । यो पर्व कात्तिक महिनाको द्वितीया तिथिदेखि पूर्णिमा तिथिसम्म मनाइन्छ । द्वितीया तिथिका दिन दिदीबहिनीले यो पर्वका लागि माटोको आकृति बनाउने कार्यको थालनी गरी छठ पर्वको खरना वा पारणदेखि पात्रहरूको आकृति बनाउने कार्यलाई तीव्रता दिने चलन छ ।

पूर्वी तराई र मधेस प्रदेशको प्राचीन सामाजिक, पारिवारिक संस्कार र परम्परालाई इंगित गर्ने यो पर्व लोकनाटचको एउटा रूप हो, जसमा महिला सूत्रधार र पात्रमा माटोका मानव, पशु र चराको आकृति हुन्छन् । छठ पर्वको खरना (पञ्चमी) का दिन मूर्तिहरूलाई सेतो बनाउनका लागि अरूवा चामलको लेपन गरिन्छ । त्यसपछि सुहाउँदो र इच्छानुसारका रङहरू प्रयोग गरी सामालाई सिंगारिन्छ । हरिबोधिनी एकादशीभन्दा पूर्व सम्पूर्ण सामग्री बनाई सकिन्छ । तराई भेगमा घरघरमा माटोका मूर्तिहरू बनाउनुलाई महिलाको मूर्तिकलाप्रतिको चाख र कौशल प्रदर्शन गर्ने माध्यमको रूपमा पनि लिइन्छ । दाजुभाइ दिदी-बहिनीको प्रेम मुख्य आधार भएको यस पर्वले भाइ-बहिनी र पति-पत्नीको अमर प्रेम, समर्पण, उत्सर्ग र श्रद्धा प्रदर्शित गर्दछ ।

यो पर्व बालिकाहरूको भए पनि युवती र प्रौढहरू उत्साहपूर्वक खेल्ने गरेको देखिन्छ । छठ पर्वको खरना वा पारणदेखि तराईका महिलाले माटोको आकृति बनाई राति एउटा ढक्कीमा राखी दीप बालेर घरबाट बाहिर अन्य साथी मिलेर गीत गाउँदै चौरमा गइ यो पर्व मनाउने गर्दछन् । यो पर्वमा 'सामा' स्त्री पात्र अर्थात् दिदीबहिनी र 'चकेवा' पुरूष पात्र अर्थात् दाजुभाइलाई बुझाउँछन् । दुईटैलाई चराका रूपमा माटोको बनाइएको हुन्छ । त्यस्तै अन्य पात्र पनि माटोकै बनाइन्छ । यसमा सामा चकेवालगायत चुगला वा चुक्ली (कुरौटे), ढोलिया, भरिया, सतभइया, खञ्जनचिडैया, वनतीतर, झाँझी कुत्ता, भैया बटतकनी, मलिनियाँ र बृन्दावनलगायतका पात्र हुन्छन् । सामा चकेवा पर्व मनाउँदा दाजुको प्रशंसा तथा चुगला भन्ने पात्रलाई गाली दिने खालका गीत गाएर बहिनीहरू मनोरञ्जन गर्दछन् ।

परम्परागत विश्वासका आधारमा चौरमा सामा चकेवालाई शीत र दुबो खुवाउने चलन पनि छ । चौरमा सबै महिला आ-आफ्नो डाला एक ठाउँमा राखी चारैतिर वृत्ताकारमा बस्दछन् । यस पर्वमा पतिपत्नीका बारेमा चुक्ली लगाउने प्रवृत्तिका मानिसको प्रतीक 'चुगला' र कुचोको मसाल बनाई गाउँ/टोल घुमाउँदै सार्वजनिक स्थलमा लग्छन् । त्यहाँ पहिले कुचोको मसालमा आगो बाल्ने र त्यसपछि त्यही मसालबाट चुगलाको जुँगामा आगो सल्काइ डढाउने चलन छ । कुरौटे र फटाहा प्रवृत्तिका व्यक्तिले समाजमा जरा गाड्न नपाओस् भन्ने सन्देश दिन र समाजमा दाजुभाइको सम्बन्ध सधैँ सुमधुर बनाइराख्न चुक्ली (कुरौटे) लगाउने प्रवृत्तिका मानिसको प्रतीक 'चुगला'को जुँगा ढडाउने गरिन्छ ।

सामा चकेवा पर्वमा माटोको आकृति बनाएर दिदी-बहिनीले मनोवाञ्छित फल प्राप्तिका कामना गर्दछन् । मूर्तिलाई चलायमान गरी संवादको आनन्द उठाउँछिन् । यसमा कुनै बेला बृन्दावनमा आगो लगाउँछिन् र कुनै बेला चुगलाको मुख आगोले पोल्छिन् । डालामा राखिएका सबै माटोका मूर्तिहरू त्यतिबेला जीवन्त भएर आउँछन्, जब महिला त्यसलाई पात्रका रूपमा उभ्याएर गीति संवाद बोल्छन् ।

*'गामके अधिकारी तोहे बरका भैया हो,*
*भैया हातदश पोखरी खुनाइ दिय,*
*चम्पा फूल लगाइ दिय*
*सामचको सामचको ऐहा हो, ऐहा हो, गुँढ खेतमे भसिया हो'*

(अर्थात् गाउँको अधिकारी मेरो दाजु, दश हातको पोखरी खनिदिनुस्, चम्पा फूल लगाइदिनुस्, सामचको आउनु, उखु खेतमा भासिनु) यी लगायतका गीत गाएर सामा-चकेवा खेल्ने तथा समूहमै सबैले सबैको दाजुभाइका लागि दिदीबहिनीले दीर्घायुको कामना गर्छन् । राति खाना खाइसकेर एउटा बाँसको चोयाबाट निर्मित डालोमा सामा (बहिनी), चकेवा (भाइ), चुगला (कुरौटे), बृन्दावन (झगडिया) र सात भाइको माटाको मूर्ति बनाएर त्यसमा दियो बाली समूहमा घरको आँगनमा वा बाटोमा गई ध्यानमग्न भई दिदीबहिनीहरूले सुरिलो स्वर घन्काउँछन्-

*गंगा रे जमुनवा कि हो चिकन माटी,*
*आरे कोरी दिए सवके ।*
*भैया गंगा वैसि, माटी बनाए दिए सबके*
*मौजी, सामा जोर चकेवा हेर,*
*खेलल लागल सवको बहिनो ।*

समाज र परिवार जहाँ हुन्छ, त्यहीँ चुक्ली लगाउने, षडयन्त्र गर्ने प्रवृत्तिका मानिसजस्ता पात्र हुन्छ । कठपुतली नृत्यको आभास दिने यो पर्वमा डोरीले हैन, हातले सञ्चालन हुन्छन् र महिला सूत्रधारका रूपमा जीवनका गाथा लोक धुनको आधारमा गाउँछिन् जसमा अपूर्व र विशिष्ट शैलीको जनजीवनकै उद्वेग प्रवाहित भइरहेको हुन्छ । महिला जब आ-आफ्नो घरबाट डालामा मूर्ति राखी सामा खेल्न चौरतिर निस्किन्छन् तब उनी गाउँछिन्-

*डालाले बहार भेली, बहिनी से पलाँ बहिनो*
*फलाँ भइया लेल डाला छीन,*
*सुनु गे राम सजनी ।*

यो गीत गाएर चेलीबेटीले दुवो र चामल लिएर डालोमा भएको सबै मूर्तिहरू माथि छर्कीदन्छन् । यसरी हाँसो ठट्टा, मनोरञ्जन र गीत गाउँदै मनाउने यो पर्वमा सामा र चकेवाबीचको प्रेम र स्नेहलाई भताभुङ पार्न खोज्ने आरोप लगाउँदै नौ दिनसम्म चुगला (कुरौटे) र बृन्दावन (झगडिया) लाई गीत गाउँदै जलाइन्छ । दिदीबहिनीले दाजुभाइलाई आशिष दिँदै यस्तो गीत गाउँछन्-

*'जीव जीव' जीव की मोर भैया जीव'*
*कि तोर भैया जीव*
*जैसन धोवियाके पाठ तैसन भैयाक पीठ*
*जैसन करडिक थम्ह तैसन भैयाक जाँघ'*

अर्थात्, मेरो दाजुभाइ वर्षौं वर्षसम्म बाँचुन्, धोबीले लुगा धुने धाटजस्तै पिठ्यूँ र करडिकको बोटजस्तै तिघ्रा बलियो होस् । जब चुगलाको बारी आउँछ, त्यसलाई बायाँ हातमा समाति त्यसको जुँगा भनी राखिएको सनपाट (जुट)मा दाहिने आगो लगाउँदै निभाउँदै महिला यस प्रकारको गीत गाउँछिन्-

*'धान-धान-धान, भइया कोठी धान*
*चुगला कोठी भुस्सा ।'*

यो गीतमा प्रतीकात्मक रूपमा भैयाकोठी धान र चामल भनी भाइको समृद्धिको कामना गरिन्छ भने चुक्ली लगाउने दुष्ट प्रवृत्तिको कोठीमा भुसा र खरानी भएको देखाएर तिरस्कृत र लाञ्छित गर्ने काम गरिएको छ । सम्पन्नतासँगै भाइ वीर र योद्धा पनि छन् । बृन्दावनमा आगो लाग्दा निभाउने कोही नभएको अवस्थामा बहिनीलाई भाइमाथि विश्वास भएको गीत यसरी गाइन्छ

*'वृन्दावनमे आगि लागै*
*कोइ ने मिझावे हे*
*हमर भैया फलना भैया*
*दौडि-दौडि मिझाबे हे ।'*

यस पर्वमा दिदीबहिनीले मनोवाञ्छित फल प्राप्तिका कामनाका साथै मार्मिक, मनोरञ्जक एवं मर्मस्पर्शी गीति गाउँछन्-

*कानि खिजि चिठिया लिखौलनि*
*फलाँ बहिनो भैजौलनि हजामका हाथ*
*चिठिया दिहन्हि हो भैया, फलाँ भैयाके हाथ*
*भेला घोडा पर सवार*
*बाबाक सम्पतिया हो भैया*
*भतिजबा के ओ आस*
*हम परदेशिन हो भैया*
*सिन्दुरवा केर हो आस ।*

यो गीतमा बहिनीले भाइलाई हजाममार्फत पत्र पठाउँछिन् । भाइ पत्र पाउनेबित्तिकै घोडामा सवार भई सिन्दुर र टिकुलीसहित बहिनी कहाँ आउँछन् । बहिनीले मसँग धनसम्पति पर्याप्त छ, मलाई तपाईंसँग मेरो सिन्दुरको रक्षाको आशामात्र छ भनी उल्लेख गर्नुले भाइबहिनीको शाश्वत प्रेमलाई दर्शाउँछ । मानवीय संवेदनाका गहकिला पक्ष समेट्दै मौखिक परम्परामा जीवित रहँदै आजसम्म जीवन्त प्रस्तुति भइरहेको सामा-चकेवा पर्व विशिष्ट सांस्कृतिक सम्पदा हो । दाजुभाइ दिदी-बहिनीको प्रेम मुख्य आधार भएको यस पर्वले भाइ-बहिनी र पति-पत्नीको अमर प्रेम, समर्पण, उत्सर्ग र श्रद्धा प्रदर्शित गर्दछ । सामा चकेवाको विसर्जनको बेलाको गीत मर्मस्पर्शी हुने गरेको छ-

*'सामचको, सामचको अइह हे*
*जोतल खेतमे बइसिह हे ।'*

पूर्णिमाका दिन सामा चकेवालाई अर्को वर्ष फेरि कूड खेतमा आई बस्नु है भन्दै सबै माटोका पात्रको विसर्जन गरिने चलन छ । परम्पराअनुसार अन्तिम गीत गाइसकेपछि सामा चकेवा र सात भाइलाई भसाइन्छ भने चुगला र बृन्दावनलाई पूर्णरूपमा जलाएर खेतमा गाडिन्छ । यो विधि सकेपछि त्यहीँ सबै दिदीबहिनीहरूले आ-आफ्ना दाजुभाइलाई पठाएको मिठो परिकार खुवाई घर फर्कन्छन् । सामा चकेवा पर्वले दिदीबहिनी र दाजुभाइबीचको स्नेहपूर्ण वातावरणको अनुभूति दिन्छ-

*आबह सामा, आबह चकेवा हे अपन देश*
*भाइ मोर हे आशीष दैह*
*जीबह भाइ लाख बरीस*
*हमर सामा हे कार्तिक मास ।*

पूर्वी तराई र मधेस प्रदेशका दिदीबहिनीले सामा चकेवा पर्वलाई निक्कै मन पराउँछन् भने सबैले माइतीमा गएर यो पर्व मनाउने इच्छा राख्दछन् । सोहीअनुरूप यस पर्वमा टाढाटाढाबाट दिदीबहिनी सामा चकेवा खेल्नका लागि आ-आफ्ना माइतीमा जाने गर्दछन् ।

### यसरी सुरु भयो सामा चकेवा पर्व

तराई मधेसमा सामा चकेवाको प्रचलन प्राचीनकालदेखि नै रहेको पाइन्छ । यसको सर्वप्रथम चर्चा पद्म पुराणमा पाइन्छ । यो पूर्णरूपमा भाइबहिनीको प्रेममा आधारित छ । भाइको वीरता, उदारता र प्रशंसाको वर्णन, बहिनीको अद्‌भूत भ्रातृत्व प्रेमको चित्रण, चुक्ली गर्नेहरूको प्रतीक चुगला प्रवृत्तिको निन्दा, सामाको ससुराल जाने प्रसंगको मार्मिक क्षणजस्ता गीति संवाद र अभिव्यक्तिको छोटो कथातत्त्व बोकेको गीति संरचना छ ।

पुराणमा श्यामा र बुन्दावनका एक कुमार चारुबक्य मायाको बन्धनमा बाँधिएका हुन्छन् । राज्यका महासामन्त चूडक पनि श्यामालाई प्रेम गर्दछन् । तर श्यामाले अस्वीकार गरिदिँदा चूडकले कृष्णलाई श्यामाको सतित्व सम्बन्धमा झूटा कुराहरू लगाइदिन्छ । त्यसपछि कृष्णले आफ्ना छोरी श्यामाको सतित्वमाथि शंका गरी चरी बन्ने सराप दिन्छन् । चारुबक्य श्यामाको विरह व्यथाले महादेवको तपस्या गरेर चकेवा बन्न पुग्छ र दुवै प्रेमी चकेवा-चकेवीको रूपमा बृन्दावनमा बस्न थाल्छन् । यस घटनाको समयमा राज्य भ्रमणमा निस्केका कृष्णका छोरा साम्ब फर्केर राजधानी आएपछि यी सबै कुरा सुनेर बाबुसँग क्षुब्ध भई बहिनी श्यामा र चारुबक्यलाई पुनः मनुष्य बनाउन बृन्दावन गई तपस्या गर्न थाल्छन् ।

श्यामाले चरी बन्ने सराप पाएपछि चूडकको नाम फेरेर चुगला राखिदिनुका साथै सबैले चुगलाको मुख झोस्ने छन् भनी दिएको सरापबाट रिसाएर चूडकले बृन्दावनमै आगो लगाइदिन्छ । आगो लगाएकै बेला बृन्दावनमा भयानक आँधीसँगै पानी पर्न थाल्छ । आँधीका कारण एउटा रूख ढल्दा चूडक किचिएर मर्छ । यसपछि भगवान् विष्णु साम्बाप्रति खुसी भई श्यामा र चारुबक्यलाई पुनः मनुष्य बनाइदिन्छन् । यसरी सोही दिनदेखि 'सामा-चकेवा'को पर्व प्रचलित भएको मान्यता रहिआएको छ । सामा-चकेवा पर्वमा श्यामा र चारुबक्यको चरारूपमै पूजा गर्ने गरिन्छ । भाइले सामा फुटाल्नुको अर्थ चराको जुनीबाट मुक्ति दिलाउनु हो भनिन्छ । श्यामा र चारुबक्य शब्दको पछि अपभ्रंश भई सामा र चकेवा नाम प्रचलित हुन गएको हो । यो पर्व रमाइलो गरी मनाइने हुँदा यसलाई सामा खेल पनि भनिन्छ ।

स्कन्द पुराणमा पनि सामा चकेवाको कथा सम्प्रसंग उल्लेख गरिएको छ । यसअनुसार श्यामा (सामा) र चकेवा पति-पत्नी हुन् । श्यामाका पिता कृष्ण छन् भने पति चारूवक्य (चकेवा) । चारूवक्य आश्रममा बस्दथे । श्यामा आफ्ना पतिलाई भेट्न आश्रम गइरहँदा चुगलाले कृष्ण कहाँ गई चुक्ली लगाए-श्यामा कुनै मुनिसँग प्रेम गर्छिन रे ! कृष्ण रिसाएर श्राप दिई चरा बनाइदिए । भाइ शाम्बलाई जब यो थाहा भयो, उनी छटपटिन थाले । बुवासँग अनुनय विनय गरे । केही सीप लागेन । अनि तपस्या सुरू गरे ।

कात्तिक पूर्णिमाका दिन तपस्या पूर्ण भयो र वरदानमा बहिनी श्यामा (सामा) को पूर्वरूपमा पाए । त्यसैले बहिनीद्वारा भाइका लागि यो पर्व मनाउने गरिन्छ । यता चारूवक्य पत्नी वियोग सहन गर्न नसकेर तपस्याकै भरमा चकेवाका रूपमा चरा हुन पुगे । चरा भएकी पत्नी सामासँग बस्न थाले । त्यसै क्रममा उनीहरूको बास रहेको बृन्दावनमा विरोधीले आगो लगाए । उठीबास गर्न धेरै प्रयत्न गरे तर अन्ततः आफ्नो तपस्या र पराक्रमले उनीहरू पुनः मानव रूपमा अवतरण भएको आख्यान रहेको छ ।

द्वापरयुगदेखि चली आएको सामा-चकेवा पर्व केवल मधेस प्रदेशमा मात्र होइन, नेपालका पूर्वी तराईका भेगका थारु जनजातिले पनि हर्षोल्लास र विशेष उत्साहका साथ मनाउने गर्दछन् । हरेक वर्ष छठ पर्वको एक दिन अघिदेखि पूर्णिमासम्म नियमित नौ दिन दाजुभाइ हुने र नहुने दिदीबहिनीहरूले आफ्ना दाजुभाइको लामो आयु, सुस्वास्थ्य र प्रगतिको कामना गर्दै यो पर्व मनाउने गरिन्छ । पूर्णिमाका तिथिमा नजिकैको पोखरी वा नदीमा सामा चखेवा भसाउने (विसर्जन) गरेपछि यो लोकपर्वको समापन गरिन्छ । भाइको वीरता, उदारता र प्रशंसाको वर्णन, बहिनीको अद्‌भूत भ्रातृत्व प्रेमको चित्रण, चुक्ली गर्नेहरूको प्रतीक चुगला प्रवृत्तिको निन्दा, सामाको ससुराल जाने प्रसंगको मार्मिक क्षणजस्ता गीति संवाद रहेको यो पर्वमा पारिवारिक जीवन तथा लोक आस्थाको अटुट सम्बन्ध देखिन्छ । *रासस*



मुक्तिनाथमा हिउँ पन्छाउँदै सशस्त्र प्रहरी

मुक्तिनाथमा हिउँ पन्छाउँदै सशस्त्र प्रहरी । मुक्तिनाथ दर्शन गर्न जाने दर्शनार्थीहरूको सहजताका लागि सशस्त्र प्रहरी बल ३३ नं. गुल्म हेडक्वाटरबाट खटिएका ११ जना सुरक्षाकर्मीले मुक्तिनाथ मन्दिर परिसर र मुक्तिनाथ जाने सिँढीको हिउँ पन्छाएका हुन् । *तस्बिरः सुन्दरकुमार थकाली⁄रासस*

# मौसम सुधार भएपछि सहज बन्दै मनाङको अवस्था

■ नवीन लामिछाने

**मनाङ–** गत सोमबारदेखि परेको हिमपात रोकिएको छ । मौसममा आएको सुधारले विश्वकै अग्लो स्थान (चार हजार ९१९ मिटर) मा अवस्थित तिलिचो ताल घुम्न आएका र थोराङ्ला भञ्ज्याङ (पाँच हजार ४१६ मिटर) पदयात्रामा आएका पर्यटकका लागि सहज बन्दै गएको छ ।

मनाङ डिस्याङ गाउँपालिका–९ स्थित तिलिचो ताल र ८ नम्बर वडास्थित अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाअन्तर्गत थोराङ्ला भञ्ज्याङको पदयात्रामा आएका पर्यटक यात्रामा असहज भएपछि फर्किन थालेका प्रमुख जिल्ला अधिकारी नवराज पौडयालले जानकारी दिए । उनका अनुसार बुधबार बिहानैदेखि सडकमा थुप्रिएको हिउँ हटाएपछि पर्यटक फर्कन थालेका छन् ।



उनले भने, 'तिलिचो आधार शिविर (बेसक्याम्प)बाट सोमबार साँझ फर्किएका पर्यटक भने खाङ्सारमै बसेका छन् ।' काठमाडौंबाट तिलिचो ताल जान आएका पर्यटक शिवराज घिमिरेले खाङसार आइपुग्नेबित्तिकै हिमपात भएको र तालसम्म पुग्न नसकेको बताए । उनले भने, 'खाङ्सार आइपुगिएको छ, यहाँ आइपुग्नेबित्तिकै हिमपात भयो, हिमपातका कारण हामी माथि तालसम्म पुग्न सकेनौं ।' मौसम अनुकूल बन्दै गए पनि माथिल्लो क्षेत्रको यात्रा नगरी फर्कने तयारी गरिरहेका घिमिरेले बताए । खाङ्सारदेखि तल्लो क्षेत्र र माथि तिलिचोतर्फ मौसम विस्तारै खुल्दै गएको उनले जानकारी दिए ।

होटल व्यवस्थापन समिति माथिल्लो मनाङका अध्यक्ष कर्म ओंगेल घलेले तिलिचो क्षेत्रबाट झरेका झण्डै २०० पर्यटकलाई निजी घर, होटलका कोठा, डाइनिङलगायत ठाउँमा मंगलबार राति बस्ने व्यवस्थापन गरिएको जानकारी दिए । उनका अनुसार हिमपातका बीच पनि व्यवस्थापन गर्दै भ्राकासम्म पर्यटक पठाएर बस्ने व्यवस्था गरिएको थियो ।

पर्यटक बुधबार बिहानैदेखि चामेतर्फ गएका पर्यटन व्यवसायी घ्याम्चो गुरुङले जानकारी दिए । 'मौसम केही मात्रामा खुलेको छ, बादल हट्ने क्रममा देखिएको छ, हल्का घाम पनि देखिँदै छ,' उनले भने, 'केही आफ्नो मोटरसाइकलमा गन्तव्यतर्फ लागेका छन् भने केही पर्यटकलाई जिपमा व्यवस्थापन गर्दै तल्लो क्षेत्रतर्फ लागेका छन्, केही भने यहीँ छन् ।' उनका अनुसार थोराङ्ला पास गर्न आएका केही विदेशी पर्यटक फर्किएका छन् । हालसम्म माथिल्लो मनाङ गाउँबाट १५० जति पर्यटक फर्किएको उनले बताए ।

जिल्ला विपद् व्यवस्थापन समिति प्रमुख एवं प्रमुख जिल्ला अधिकारी पौडयालले हिमपातमा फसेका पर्यटकको उद्धारमा जिल्लामा उपलब्ध भएका सवारीसाधनको उपयोग गरी गन्तव्यतर्फ जाने वातावरण बनाइरहेका बताए । उनले भने, 'मौसममा सुधार आएपछि एक्साभेटरले काम गर्न र यात्रामा सहज बन्दै गएको छ, दुईपांग्रे सवारीसाधनलाई यात्रामा सुरक्षित भएर सञ्चालन गर्न सुझावसहित हिँड्न दिएका छौं ।'

फर्कनका निम्ति अप्ठ्यारोमा परेका पर्यटकलाई चामेसम्म निजी, सार्वजनिक तथा सरकारी सवारीसाधनको उपयोग गरिएको प्रमुख जिल्ला अधिकारी पौडयालले बताए । सडक सञ्चालनका लागि जिल्ला प्रशासन, स्थानीय तहलगायत सबै लागिपरेका छन् । अधिकांश स्वदेशी पर्यटक दुईपांग्रे सवारीसाधन खाङ्सारसम्म आउने र पदयात्रामार्फत तिलिचो ताल जाने गर्दछन् । विदेशी पर्यटक भने पदयात्रामा रमाउने भएकाले सुरक्षित अवस्थामा रहेका छन् । दुईपांग्रे सवारीसाधन हिउँबाट निकालिएका छन् । *रासस*

## जाँचबुझ आयोगलाई मुख्यमन्त्री कँडेलको आग्रह–

# सार्वजनिक र निजी सम्पत्तिको क्षतिलाई राजनीतिक दृष्टिले नहेरौं

■ प्रभाव संवाददाता

**कर्णाली–** कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले जेन-जी आन्दोलनका क्रममा भएको आगजनी, लुटपाट र चोरीका घटनामा सार्वजनिक तथा व्यक्तिगत सम्पत्तिमा पुगेको क्षतिलाई राजनीतिक दृष्टिले नहेर्न आग्रह गरेका छन् ।

जेन-जी आन्दोलनका क्रममा गत भदौ २४ गतेका दिन आगजनी, लुटपाट तथा चोरीबाट क्षति भएको सम्पत्तिको अध्ययन गर्न बुधबार सुर्खेत आइपुगेका जाँचबुझ आयोगका सदस्य विश्वेश्वरप्रसाद भण्डारीसँगको भेटका क्रममा मुख्यमन्त्री कँडेल निष्पक्ष छानबिन तथा अध्ययन गर्न आग्रह गरेका हुन् । उनले आन्दोलनको नाममा सार्वजनिक र व्यक्तिगत सम्पत्तिमा गरिएको क्षतिको निष्पक्ष अध्ययन गरी सत्यतथ्य सार्वजनिक गर्न आयोगलाई सुझाव दिए ।



मुख्यमन्त्री कँडेलले विगतमा राजनीतिक तथा जनआन्दोलन जे भए पनि कहिल्यै नागरिकको निजी सम्पत्तिमा आगजनी वा लुटपाटजस्ता घटना नभएको स्मरण गराए । 'अपराधलाई राजनीति भनेर ढाकछोप गरियो भने कानुनको शासन कमजोर हुन्छ र अराजकता बढ्ने खतरा रहन्छ,' उनले भने, 'अब नागरिक नै असुरक्षित हुने अवस्था आउन सक्छ ।'

अपराधजन्य कार्यमा संलग्न जोकोही भए पनि कानुनअनुसार कडा कारबाही गर्नुपर्नेमा उनको जोड थियो । जाँचबुझ आयोग र प्रहरी प्रशासनले सत्यतथ्य तथा निष्पक्ष अनुसन्धानद्वारा दोषीलाई कारबाहीमा ल्याएमात्र भविष्यमा यस्ता घटनाको पुनरावृत्ति रोक्न सकिने मुख्यमन्त्री कँडेलको भनाइ थियो । उनका अनुसार छानबिन सत्यतथ्य हुन नसके आपराधिक तत्त्वले प्रश्रय पाउँछ ।

जाँचबुझ आयोगका सदस्य भण्डारीले निजी घर जलाउने कार्यलाई स्पष्टरूपमा आपराधिक गतिविधिका रूपमा आयोगले अध्ययन गर्ने बताए । उनले व्यक्तिगत घरमा आगजनी, लुटपाट र चोरी गर्ने कुरा राजनीतिक नभएको उल्लेख गरे ।

त्यसैगरी, जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रमुख प्रहरी उपरीक्षक सुधीरराज शाहीले हालसम्म सुर्खेतमा भएको आगजनी, लुटपाट र चोरीसम्बन्धी फोटो तथा भिडियो प्रमाण संकलन गरिएको जानकारी दिए । घटनामा संलग्न व्यक्तिहरूको पहिचान कार्य अन्तिम चरणमा पुगेको जनाउँदै उनले केही दिनभित्रै कानुनी कारबाही अगाडि बढाइने बताए ।

# गाडी दुर्घटना हुँदा तीन जनाको मृत्यु

**पाल्पा (प्रस)–** यहाँको रैनादेवी छहरा गाउँपालिका–४ पिपल भञ्ज्याङमा विद्युतीय गाडी दुर्घटना हुँदा तीन जनाको मृत्यु भएको छ ।

अमलावासबाट मेहलढापतर्फ जाँदै गरेको लुम्बिनी प्रदेश ०१-००१ ज ००९१ नं को विद्युतीय गाडी बुधबार दिउँसो दुर्घटना हुँदा चालकसहित तीन जनाको मृत्यु भएको हो । दुर्घटनामा चालक छहरा अमलावासका ३४ वर्षीय कमल रायमाझी, रैनादेवी छहरा-१ सिद्धेश्वरका ३७ वर्षीय मुक्तबहादुर बुढाथोकी र छहरा-४ मेहलढापका ४१ वर्षीय रामबहादुर गाहाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी कमल प्रधानले जानकारी दिए ।

उनका अनुसार दुर्घटनामा गम्भीर घाइते भएका तीनै जनालाई जिल्ला अस्पताल पाल्पा पठाइएकोमा डाक्टरले मृत घोषणा गरेका हुन् । गाडीमा तीन जनामात्र सवार रहेको प्रधानले बताए । सो गाडी सडकदेखि निकै तल खोल्सामा खसेको छ । दुर्घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।


**Chhatrakot Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Choyaga, Gulmi**

**Notice of Financial Bid Opening**

**Date of First Publication: 30th October, 2025**

Pursuant to Rule 31(nga), Sub-rule 5 of Public Procurement Regulation,2064(Including all amendments), this is herby notified to all concerned bidders that the financial bid of the works mentioned below shall be opened publicly in presence of bidders that the financial bid of the works mentioned below shall be opened publicly in presence of bidder's representative who choose to attend on date mentioned below at Chhatrakot Rural Municipality, Office of the Rural Municipal Executive, Choyaga, Gulmi.

**Details**

| S.N. | Description of Works and IFB no | Substantially Responsive Bidders in Technical Evaluation | Date and Time |
|---|---|---|---|
| 1 | Upgrading of Hardineta Darlam Batdanda Kharjyang ward Karlya road to Black Topped Standard CRM/GUL/W/NCB-03/082-83 | Arjun Builders and Construction Pvt Ltd,Resunga-10,Gulmi | 6th November 2025 10 AM |
| | | Sagar Nirman Sewa,Sandhikharka-12,Arghakhanchi | |
| | | Bansui Nirman Sewa,Hunga-9,Gulmi | |

**A.Chief Administrative Officer**


# लोबुचे हेलिकप्टर दुर्घटना, पाइलट सकुशल

**सोलुखम्बु–** सगरमाथा क्षेत्रको लोबुचेमा बुधबार बिहान केही समय हवाई त्रासमा रह्यो । हिउँले छोपिएको सगरमाथाको फेदमा अल्टिच्युट एयरको हेलिकप्टर अकस्मात् चिप्लिएर अवतरणस्थलमा ठोक्कियो । तर, समय बलियो थियो, यो दुर्घटनाले मानवीय क्षति भएन ।

बिहान ८:१५ बजे 'अल्फा माइक सेरा' कलसाइन भएको हेलिकप्टर लुक्लाबाट (४,९४० मिटर) लोबुजेतर्फ उडेको थियो । मंगलबार राति परेको बाक्लो हिमपातपछि त्यहाँ रोकिएका केही पर्यटकलाई उद्धार गर्न हेलिकप्टर त्यसतर्फ उडेको थियो । तर लोबुचे हेलिप्याडमा अवतरण गर्ने क्रममा सतहमा जमेको हिउँले रनवे चिप्लियो, अनि हेलिकप्टरको पुच्छर जमिनमा ठोक्कियो ।



'अवतरणकै क्रममा हेलिकप्टर चिप्लिएर पछाडिको भाग क्षतिग्रस्त भएको हो,' प्रमुख जिल्ला अधिकारी लीलाकुमारी केसी पाण्डेले भनिन्, 'तर पाइलट विवेक खड्का सकुशल हुनुहुन्छ, यो खुसीको खबर हो ।' उनका अनुसार दुर्घटनाग्रस्त हेलिकप्टर अहिले पनि सोही क्षेत्रमा छ ।

बाक्लो हिउँ र प्रतिकूल मौसमका कारण तत्काल उद्धार सम्भव नभएको प्रजिअ पाण्डेले जानकारी दिइन् । 'हेलिकप्टर हिउँमा केही भासिएको छ, त्यसैले उडान सम्भव छैन,' उनले भनिन् ।

दुर्घटनाको क्षणमा हेलिकप्टरमा पाइलट खड्का एक्लै सवार थिए । उनलाई अर्को हेलिकप्टरमार्फत उद्धार गरी लुक्ला ल्याइएको जिल्ला प्रशासन कार्यालय सोलुखुम्बुले जानकारी दिएको छ । 'हामीले तत्काल उद्धारको व्यवस्था गरेका थियौं, पाइलट सकुशल हुनु ठूलो राहत हो,' जिल्ला प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक मनोजित कुँवरले भने ।

### हिउँले ढाकिएको सगरमाथा क्षेत्रः पर्यटक होटलमा

मंगलबार रातिदेखि परेको लगातार हिमपातपछि सगरमाथा क्षेत्र सेतो चाँदरले ढाकिएको छ । दिङबोचे (चार हजार ४१० मिटर)माथि मात्र अहिले करिब ३३२ जना विदेशी पर्यटक रहेको प्रशासनले जनाएको छ ।

'ती सबै पर्यटक होटलभित्र सुरक्षित छन्,' प्रहरी नायब उपरीक्षक कुँवरले भने । मौसम अझै बिग्रिँदै गएकाले तल्लो क्षेत्रमा झर्नेहरूको संख्या बढेको उनले जानकारी दिए ।

सगरमाथा क्षेत्रमा अहिलेको अवस्था 'उच्च जोखिमयुक्त तर शान्त' जस्तो देखिएको प्रहरी नायब उपरीक्षक कुँवरको भनाइ छ । नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार बुधबार बिहानदेखि खुम्बु क्षेत्रमा सबै हेलिकप्टर र विमान उडान रोकिएका छन् । मौसममा सुधार नआएसम्म कुनै उडान सम्भव नभएको जनाइएको छ । *रासस*


**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
**स्तर निर्धारण तथा सम्बन्धन महाशाखा**
**सानोठिमी, भक्तपुरको**
**श्री विनायक कलेज अफ हेल्थ साइन्स का.म.न.पा.-०९, वात्तिसपुतली, काठमाण्डौको नाममा सम्बन्धन/स्वीकृति प्रमाणपत्र तह नर्सिङ्ग (हाल स्थगित) कार्यक्रम नामसारी (स्वामित्व हस्तान्तरण) सम्बन्धमा ३५ दिने हकदावी सम्बन्धी अत्यन्त जरुरी सूचना !**
**प्रकाशित मितिः २०८२/०७/१२ गते**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट ३ वर्षे प्रमाणपत्र तह सामान्य चिकित्सा, फार्मेसी, मेडिकल ल्याब टेक्नोलोजी, फिजियोथेरापी र नर्सिङ्ग (हाल स्थगनमा) कार्यक्रमको सम्बन्धन/स्वीकृति प्राप्त संस्था **श्री विनायक कलेज अफ हेल्थ साइन्स का.म.न.पा.-०९, वात्तिसपुतली, काठमाण्डौले** १०० वेडको **श्री विनायक अस्पताल तथा प्रसुति गृह टोखा न.पा.-०९ गोंगवु काठमाण्डौ** पेश गरी एवं उक्त संस्थाको नामसारी (स्वामित्व हस्तान्तरण) गरी स्थगित प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रम पुनः संचालन गर्न पाउँ भनी पेश गरेको निवेदन उपर कारवाही हुंदा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को मिति २०८२/०३/१७ गते बसेको २०९औं वैठकको निर्णय नं. ११७१ बमोजिम गठित कार्यटोली बैठकको मिति२०८२/०६/३१ गतेको निर्णयानुसार स्थगित नर्सिङ्ग कार्यक्रमलाई माग भै आए अनुसार नामसारी (स्वामित्व हस्तान्तरण) प्रकृया अगाडी बढाउने प्रयोजनका लागि उल्लेखित संस्था र सम्बन्धन/स्वीकृति भै हाल स्थगित प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रम प्रति कोही कसैको हकदावी विरोध गुनासो आदि भए यो सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा अन्तिम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्रमा स - प्रमाण लिखित जानकारी गराउनु हुन अनुरोध छ। उल्लेखित समयभित्र कसैको उजुरीपरेमा सोही अनुसार हुने र उजुरी नपरेमा कानूनी म्याद समाप्त भएपछि नामसारी (स्वामित्व हस्तान्तरण) प्रकृया अगाडि बढ्ने र म्याद नाघी आएका दावी विरोध उजुरी उपर कुनै कारवाही नहुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**सम्पर्कका लागि**
**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
**फोन नं. ०१ - ६६३०४०८, सानोठिमी, भक्तपुर।**
**इमेलः ctevtaccreditation061@gmail.com**

# प्रभाव दैनिक

रूपशाला


### 'मन बिनाको धन' को ट्रेलर सार्वजनिक

बालगायकको रूपमा चर्चित अशोक दर्जीको मुख्य भूमिका रहेको चलचित्र 'मन बिनाको धन'को ट्रेलर सार्वजनिक गरिएको छ । बुधबार राजधानीमा आयोजित एक कार्यक्रमकाबिच सार्वजनिक ट्रेलरमा अशोकको संघर्ष देखाउन खोजिएको छ । टंक बुढाथोकीको निर्माण तथा निर्देशन रहेको फिल्म आगामी २१ गतेबाट सार्वजनिक प्रदर्शनमा आउँदै छ ।




बिहीबार, १३ कात्तिक २०८२ (Thursday, 30 October 2025)




## कबड्डीको पाँचौं संस्करण मुस्ताङमा छायांकन

■ प्रभाव संवाददाता

**मुस्ताङ–** यहाँको थासाङ गाउँपालिकास्थित थाक सात सय क्षेत्र थासाङका विभिन्न स्थानमा नेपाली कथानक चलचित्र कबडीको पाँचौं संस्करण छायांकन चलरहेको छ । बाँसुरी फिल्मस्को ब्यानरमा निर्माण भइरहेको यो चलचित्र मुस्ताङको थकाली कला, संस्कृति र मौलिकतासँग सम्बन्धित रहेको निर्माण कम्पनीले जनाएको छ ।

यसअघि लगातार कबड्डीको एकदेखि चौथौ संस्करण सोही स्थानमा छायांकन भइसकेको छ । यहाँ थकाली कलासंस्कृतिसँग कथावस्तु जोडिएकाले कबडीको पाँचौं संस्करण पनि थासाङको थाक सात सय क्षेत्रमा छायांकनलाई निरन्तरता दिइएको चलचित्रका निर्माता मणिराम पोखरेलले जानकारी दिए । यहाँ चलचित्र कबड्डीको पाँचौं संस्करण गत असोज २६ गते मुक्तिनाथ मन्दिरमा शुभारम्भ गरी छायांकन सुरु गरिएको पोखरेलले बताए ।

रामबाबु गुरुङको निर्देशन रहेको कबड्डी पाँचको छायांकन थासाङको कोवाङ, नाउरीकोट, लार्जुङ र टुकुचेलगायत स्थानमा भइरहेको निर्माता पोखरेलले जानकारी दिए । यसपटक कबड्डीको पाँचौं संस्करण थकाली कला, संस्कृति समेट्ने गरी विशेष महत्वका साथ अघि बढाउने प्रयास भइरहेको निर्माता पोखरेल बताउँछन् ।

यसअघि कबड्डी चलचित्र सुरु गर्दा यहाँ सामान्य टोली आएकामा यसपटक झन्डै १०० बढी जनशक्ति परिचालन भइरहेको छ । सुरुआती चरणभन्दा कबड्डी पाँचसम्म आइपुग्दा सडक यातायात सहज भएका कारण निकै सहज भएको निर्माता पोखरेलको भनाइ छ । 'हामीलाई यो स्थानमा चलचित्रको छायांकनको काम गर्न पाउँदा निकै सहज भएको छ, यहाँका समुदाय सबै आफ्नै परिवारजस्तै भएको छ', निर्माता पोखरेलले भने, 'थकाली कथावस्तु र यहाँका समुदायको मायाप्रेम र स्नेहले पटकपटक यो स्थानमा तानिरहेको छ ।'

मुस्ताङको थाक सात सय क्षेत्रमा बसोबास गर्ने थकाली संस्कृति, रहनसहन, परम्परा, वेशभूषा र सामाजिक चरित्रलाई मुख्य कथावस्तुमा समेटिने सहनिर्देशक सोमनाथ खनालले जानकारी दिए । कबड्डीको पाँचौं संस्करणमा पुराना कलाकारसहित नयाँ कलाकारको संग्लनता रहेको खनालको भनाइ छ ।

चलचित्रमा दयाहाङ राई, बुद्धि तामाङ, विजय बराल, रेश्मा गुरुङ, अरुणा कार्की, कमलमणि नेपाल, विपिन कार्की, पुस्कर गुरुङ, कविता आले, सृजना गुरुङ, शिशिर वाङ्देल, विष्णु मोक्तान र प्रमिला राईलगायतका कलाकारको अभिनय रहने सहनिर्देशक खनालले जानकारी दिए ।

चलचित्रका मुख्य पात्र दयाहाङ राई काजीको भूमिकामा छन् । थकाली संस्कृतिमा आधारित काजीको कथावस्तुसँग जोडिएको छ । थकाली काजीको जीवनमा आइपर्ने आरोहअवरोहलाई चलचित्रमा उतार्ने प्रयास भइरहेको सहनिर्देशक खनालले बताए । नायकको भूमिकामा वीरकाजी शेरचन, काजीको भूमिकामा दयाहाङ रहेको उनले जनाए ।

कलाकार अरुणा कार्कीले मुस्ताङमा कबड्डीका छायांकन निरन्तर रहनु दर्शकहरूको माया र यहाँका समुदायका माया तथा विश्वासको प्रतिफल रहेको उल्लेख गरिन् । काजीकी आमाको भूमिकामा रहेकी कार्कीले प्राकृतिक सौन्दर्यता र थकाली समुदायको उद्गमस्थल थासाङ क्षेत्रमा छायांकन भइरहनु आफूहरूका लागि पनि गर्व महसुस भएको बताइन् । कबड्डी एक र दुईमा अभियन गरिसक्नुभएकी कार्कीले यहाँको थकाली संस्कृति बुझ्ने अवसर नजिकबाट प्राप्त भएको बताइन् ।

यसैगरी चलचित्रमा मैयाँको भूमिकामा रहेकी रेश्मा गुरुङले यहाँको नाउरीकोटमा मैयाँको होटल भनेर परिचित रहेकामा गर्व लागेको बताइन् । यो स्थानमा कबड्डीका छायांकनले पर्यटन प्रवर्द्धनमा समेत योगदान पुऱ्याएको गुरुङको भनाइ छ ।

## चलचित्र 'होस्टेल-३' भारतमा पनि लोकप्रिय



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली चलचित्र होस्टेल-३ ले भारतमा ५१ दिन पूरा गरेको छ । नेपालमा सुरु भएको 'होस्टेल' को तेस्रो शृंखलाले सिमाना नाघ्दै भारतीय नेपाली समुदायबीच पनि लोकप्रियता विस्तार गर्न सफल भएको हो ।

गत भदौ २० गतेदेखि भारतको दार्जीलिङस्थित एसभिएफ सिनेमा, रिंक मलमा निरन्तर प्रदर्शन भइरहेको उक्त चलचित्रले त्यहाँ पनि ५१ दिन पूरा गरेको भारतका वितरक सुरज खड्काले जानकारी दिए ।

भारतमा 'होस्टेल-३' को वितरण गोर्खा फिल्म प्रोडक्सन र सुपर सिनेमाले गरेका हुन् । चलचित्र सिक्किम, दार्जीलिङ, सिलगुडी, सिन्ताम, गुवाहाटी, आसाम र मणिपुरसहित ५० भन्दाबढी हलमा एकैसाथ प्रदर्शन गरिएको थियो ।

चलचित्रका निर्देशक सशान कँडेलले भारतमा पनि फिल्मले सफलता प्राप्त गरेकामा खुसी व्यक्त गरे । उनले भने, 'सर्वप्रथम, यति ठूलो शृंखलालाई विश्वास गरी निर्माण इजाजत दिनुहुने दुर्गिश फिल्म्स्लाई धेरै धन्यवाद दिन चाहन्छु । निर्माण, वितरण र प्रचारप्रसारमा सहभागी सबैलाई हार्दिक आभार व्यक्त गर्दछु ।'

'होस्टेल-३' ले क्याम्पस जीवनका उतार चढाव, प्रेम, मित्रता र सङ्घर्षको कथा चित्रण गर्दै युवापुस्तामाझ विशेष चर्चा पाएको छ । चलचित्रमा पारसबम ठकुरी (कुलब्वाय), रिहान गिरी, पदम तामाङ, आशिष घिमिरे, सिम्रन पन्त, हेना नगरकोटी, समा पराजुली, उमर खान, सन्तोष बानियाँ र आशिष पुरुषलगायत कलाकारले अभिनय गरेका छन् ।

चलचित्रका लेखक तथा एसोसियट निर्देशक माधव शर्मा, निर्माता सुरेश कँडेल र गोविन्द अधिकारी, सहनिर्मातामा शिशिर ज्ञवाली, अनीश सिग्देल, कुन्दन गुप्ता, कार्यकारी निर्माता शंकर कोइराला र लाइन प्रोड्युसर कोसिसराज क्षेत्री रहेका छन् ।



नेपाल-भारत मैत्रीपूर्ण फुटबल

## अञ्जनाको नायकत्वमा भारतविरूद्ध नेपाल विजयी



■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपालको गोलपोस्ट सम्हालेकी अञ्जना रानामगर नायक बन्दा नेपाली राष्ट्रिय महिला फुटबल टोलीले मैत्रीपूर्ण खेलमा बुधबार घरेलु टोली भारतविरुद्ध पेनाल्टी सुटआउटमा ३-० को जित दर्ता गरेको छ ।

अञ्जना खेलको इन्जुरी समयमा उषा नाथको स्थानमा मैदान प्रवेश गरेकी थिइन् ।

सिक्किमको पाल्जोर रंगशालामा निर्धारित ९० मिनेट १-१ को बराबरीमा सकिएपछि विजेताको टुंगो पेनाल्टी सुटआउटबाट लगाइएको हो ।

पेनाल्टी सुटआउटमा नेपालका लागि सविता रानामगर, रश्मीकुमारी घिसिङ र निशा थोकरले गोल गरे । अनिता बस्नेको प्रहार भने बाहिरियो ।

भारतका लागि कुनै पनि खेलाडीले पेनाल्टीमा गोल गर्न सकेनन् । प्रियदर्शनी र अस्तम ओरमको प्रहारलाई अञ्जनाले बचाउँदा सन्तोषको प्रहार बाहिरिएको थियो ।

त्यसअघि भारतका लागि सौम्या गुगुलोथ तथा नेपालका लागि रश्मीकुमारी घिसिङले गोल गरेका थिए । भारतले ३०औं मिनेटमा अग्रता लिएको थियो । सौम्याले नेपाली रक्षकको गल्तीको फाइदा उठाउँदै गोल गरेकी थिइन् ।

पहिलो हाफको इन्जुरी समयमा नेपालले बराबरी गोल फर्कायो । रश्मीकुमारीले कप्तान अनिता बस्नेतको कर्नरलाई हेडमार्फत पोस्टको दिशा दिइन् । यसअघि पहिलो मैत्रीपूर्ण खेलमा नेपालकी सावित्रा भण्डारीको दुई गोलको मद्दतले भारतविरुद्ध २-१ ले नेपाल विजयी भएको थियो ।

बुधबारको खेलमा सावित्रासहित प्रीती राई र अञ्जिता तुम्बापो अनुपस्थित थिए । तीन प्रमुख खेलाडीबिना नै मैदानमा उत्रिएको नेपालले चिरप्रतिद्वन्द्वीविरुद्ध शानदार जित हात पारेको हो । ती ३ खेलाडी व्यावसायिक खेलका लागि विभिन्न देश पुगिसकेका छन् ।

## नेपालले बंगलादेशसँग अन्तर्राष्ट्रिय मैत्रीपूर्ण फुटबल खेल्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालले फिफा विन्डोअन्तर्गत नोभेम्बर १३ मा बंगलादेशसँग अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेल खेल्ने भएको छ । बुधबार बंगलादेश फुटबल महासंघले सामाजिक सञ्जालमार्फत खेलका बारेमा जानकारी गराएको हो ।

बंगलादेशले एएफसी एसियन कप छनोटको तेस्रो चरणअन्तर्गत नोभेम्बर १८ मा भारतसँग खेल्दैछ । त्यसैको तयारी स्वरूप बंगलादेशले नेपालको आतिथ्य गर्न लागेको हो । नोभेम्बर १८ मै नेपालले छनोट प्रतियोगितामा मलेसियासँग खेल्ने तालिका छ ।

गत सेप्टेम्बरको पहिलो साता नेपाल र बंगलादेशबीच दुई अन्तर्राष्ट्रिय खेल हुने तय थियो । पहिलो खेल गोलरहित बराबरीमा टुंगिएको थियो । दुई दिनको आरामपछि दोस्रो खेल हुने तालिका थियो । तर, जेनजी आन्दोलनका कारण खेल स्थगित भएको थियो ।



## होटल मिस्टिक माउन्टेन टेनिस हुँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** होटल मिस्टिक माउन्टेनको आयोजनामा होटल मिस्टिक माउन्टेन ग्रान्ड ओपन टेनिस प्रतियोगिता कात्तिक १८ गतेदेखि हुने भएको छ ।

प्रतियोगितामा ७ उमेरसमूह र २ खुला गरी जम्मा १६ स्पर्धामा करिब २ सय खेलाडीको सहभागिता रहने प्रतियोगिता संयोजक सूर्यभूषण वज्राचार्यले जनाएका छन् ।

यु-८, यु-९, यु-१०, यु-१२, यु-१४ र यु-१६ ब्वाइज/गर्ल्स सिंगल्स तथा यु-१६ ब्वाइज/गर्ल्स डबल्समा खेल हुनेछ । खुलामा पुरुष/महिला सिंगल्समा प्रतिस्पर्धा हुनेछ ।




दोश्रो संस्करणमा उमेरसमूहको स्पर्धालाई निरन्तरता दिँदै खुला स्पर्धा थप गरिएको हो ।

सबै स्पर्धामा नगद पुरस्कार राखिएको छ । नेपाल टेनिस संघको सहयोग तथा जुनियर टेनिस इनिसिएटिभ (जेटीआई) को संयोजनमा हुन लागेको प्रतियोगिताको कुल पुरस्कार राशी २ लाख ७८ हजार रूपैयाँ रहेको छ ।

पहिलो संस्करणको पुरस्कार राशीमा दोब्बर भन्दा बढीले वृद्धि गरिएको हो । पहिलो संस्करणको कुल पुरस्कार राशी १ लाख ११ हजार रूपैयाँ रहेको थियो ।

कात्तिक २२ गतेसम्म हुने प्रतियोगिताका खेलहरू सातदोबाटोस्थित टेनिस कम्प्लेक्समा खेलाइनेछ ।



पूर्वी चीनको आन्हुई प्रान्तको टोङचेङ सहरस्थित सिण्डु टाउनको लाओमेई गाउँमा बिरुवा संरक्षणका लागि प्रयोग गरिने ड्रोनसँग फोटो खिचाउँदै ८२ वर्षीया दाई शुइङ । *तस्बिरः सिन्ह्वा*

# ट्रम्पको अपेक्षाः सीसँग 'उत्कृष्ट बैठक', व्यापार युद्ध अन्त्यतर्फ आशा

**ग्योंग्जु (दक्षिण कोरिया)–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बुधबार चिनियाँ राष्ट्रपति सी चिनफिङसँग हुने आसन्न भेटले अमेरिका-चीनबीचको लामो समयदेखि जारी व्यापार युद्धका 'धेरै समस्याहरू समाधान गर्ने' अपेक्षा व्यक्त गरेका छन् ।




उनले भने, 'म चीनका राष्ट्रपति सीसँग उत्कृष्ट बैठक गर्ने अपेक्षा राख्छु र धेरै समस्याहरू समाधान हुन गइरहेका छन् ।' उनले यस वार्ताबाट अमेरिकाले फेन्टानिलसम्बन्धी कारणले चीनमाथि लगाएको केही शुल्क घटाउन सक्ने संकेतसमेत दिए ।

एयर फोर्स वनमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै ट्रम्पले भने, 'हामी चिसो बैठकका लागि होइन, हाम्रो देश र विश्वका लागि ठोस परिणाम निकाल्नका लागि गइरहेका छौं ।'

ट्रम्पले चीनसँगको वार्तामा ताइवानको संवेदनशील विषय उठ्ने कि नउठ्ने भन्ने विषयमा अझै निश्चित निर्णय नगरिएको बताए । उनको यो भेट एसिया भ्रमणको तेस्रो चरणमा पर्दछ । यसअघि उनी मलेसियामा क्षेत्रीय शिखर सम्मेलनमा सहभागी भएका थिए र जापानमा नयाँ प्रधानमन्त्री साने ताकाइचीसँग भेट गरेका थिए ।

प्रधानमन्त्री ताकाइचीले द्विपक्षीय सम्बन्धलाई 'स्वर्ण युग' को सुरुआतका रूपमा व्याख्या गर्दै ट्रम्पलाई नोबेल शान्ति पुरस्कारका लागि मनोनयन गर्ने घोषणा गरेकी थिइन् । साथै, उनले दिवंगत पूर्वप्रधानमन्त्री सिन्जो आबेको स्वामित्वमा रहेको गल्फ क्लब उपहार दिने प्रतिज्ञा गरेकी थिइन् ।

दक्षिण कोरियाको बुसानमा अवतरण गर्नासाथ ट्रम्पलाई २१ तोपको सलामी र सैन्य ब्याण्डले 'वाइएमसिए' धुनसहित स्वागत गरिएको थियो । दक्षिण कोरियाका राष्ट्रपति ली जे म्युङले उनलाई देशको सर्वोच्च योग्यता र सिल्ला युगको सुनौलो मुकुटको प्रतिकृति अर्पण गरे ।

यसैबीच, उत्तर कोरियाले प्योङयाङका 'सत्रुहरू' विरुद्ध शक्ति प्रदर्शनस्वरूप पश्चिमी तटबाट क्रुज मिसाइल परीक्षण गरेको घोषणा गरेको छ । ट्रम्पले त्यसबारे प्रतिक्रिया दिँदै भने, 'कुनै समय हामी उत्तर कोरियासँग पुनः संवादमा संलग्न हुने छौं, उनीहरू पनि चाहन्छन् र म पनि चाहन्छु ।'

ट्रम्प र सीबीचको ऐतिहासिक भेट ग्योंग्जुमा हुने एसिया-प्रशान्त आर्थिक सहयोग (एपेक) शिखर सम्मेलनको साइडलाइनमा तय गरिएको छ । यो छ वर्षपछि हुने पहिलो प्रत्यक्ष संवाद हो । विश्लेषकहरूका अनुसार यो वार्ताले व्यापार युद्ध अन्त्यतर्फ निर्णायक मोड ल्याउन सक्छ ।

अन्तर्राष्ट्रिय संकट समूहका विश्लेषक विलियम याङका अनुसार संयुक्त राज्य अमेरिका तुरुन्तै कुनै व्यापार सम्झौता गरेर ट्रम्पलाई विजयको रूपमा देखाउन चाहन्छ, तर चीन दीर्घकालीन स्थायित्व र आपसी विश्वास निर्माणमा केन्द्रित छ ।

ट्रम्पले दक्षिण कोरियाका राष्ट्रपति लीसँग पनि शिखर वार्ता गर्ने तय छ । जुलाईमा वासिङ्टनमा भएको भेटपछि यो उनीहरूको दोस्रो प्रत्यक्ष संवाद हुने छ । त्यस क्रममा सियोलले तीन खर्ब ५० अर्ब अमेरिकी डलरको लगानी गर्ने प्रतिबद्धताको साटोमा अमेरिकाले दक्षिण कोरियाली आयातमा १५ प्रतिशत कर घटाउने सहमति भएको थियो । यद्यपि अटो उद्योगका शुल्कहरू अझै यथावत् छन् र लगानी संरचनामा मतभेद कायम छ ।

अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले उक्त सम्झौतालाई 'जटिल' बताउँदै अझै धेरै विवरण तय गर्न बाँकी रहेको बताएका छन् तर ट्रम्पले वार्तामा कुनै समस्या नभएको दाबी गरेका छन् । यसैबीच ग्योंग्जुमा ट्रम्पको आगमनसँगै कार्यकर्ताहरूले विरोध प्रदर्शन गर्दै उनका 'सिकारी लगानी मागहरू' को निन्दा गरेका छन् ।

सन् २०१९ मा डिमिलिट्राइज्ड जोन (डिएमजेड) मा उत्तर कोरियाली नेता किम जोङ उनसँग भएको ऐतिहासिक भेटपछि सम्भावित पुनः वार्ताबारे पनि चर्चा चल्न थालेको छ । कोरिया इन्स्टिच्युट फर नेसनल युनिफिकेसनका विश्लेषक होङ मिनका अनुसार उत्तर कोरियाले रुसको ठोस समर्थन पाएकाले ऊ अहिले पहिलेभन्दा कम पृथक छ । *रासस/एएफपी*

# चीनको 'आक्रामकता' रोक्न जापान-अमेरिका सम्बन्ध अत्यावश्यक : पेन्टागन

**टोकियो–** अमेरिकी रक्षा मन्त्रालयका प्रमुख पिट हेगसेथले बुधबार जापान-अमेरिका गठबन्धनलाई 'चिनियाँ सैन्य आक्रामकता रोक्नका लागि अत्यावश्यक' रहेको बताएका छन् ।



उनका जापानी समकक्षीले यसै अवसरमा जापानको रक्षा खर्च लक्ष्यलाई निर्धारित समयभन्दा अघि हासिल गर्ने योजनाको पुष्टि गरेका छन् । हेगसेथको यो अभिव्यक्ति अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र जापानकी नयाँ प्रधानमन्त्री साने ताकाइचीबीच मंगलबार टोकियोमा भएको पहिलो प्रत्यक्ष भेटपछि आएको हो । भेटमा सुरक्षा विषय प्रमुख एजेण्डा बनेको थियो ।

हाल जापान र चीनबीच सम्बन्ध चिसिँदै गएको अवस्थामा जापानले आफ्नो सैन्य स्थिति अझ बलियो बनाउने रणनीति अघि बढाइरहेको छ । हेगसेथले टोकियोमा जापानी रक्षामन्त्री सिन्जिरो कोइजुमीसँगको संयुक्त पत्रकार सम्मेलनमा भने, 'क्षेत्रीय आकस्मिक अवस्थाको सामना गर्न र हाम्रो देशलाई सुरक्षित राख्न, जापानसँग काँधमा काँध मिलाएर हामी हाम्रो गठबन्धनलाई अझ सुदृढ बनाउन चाहन्छौं ।' प्रधानमन्त्री ताकाइचीले गत हप्तामात्र आफ्ना नागरिकहरूलाई सम्बोधन गर्दै यस आर्थिक वर्षमै रक्षा खर्चलाई कूल गार्हस्थ उत्पादन (जिडिपी) को दुई प्रतिशतमा पुर्‍याउने लक्ष्य हासिल गर्ने प्रतिबद्धता जनाएका थिए । यो प्रारम्भिक योजनाभन्दा दुई वर्ष अगाडि हो ।

संयुक्त राज्य अमेरिकाका करिब ६० हजार सैनिक हाल जापानमा तैनाथ छन् । अमेरिकाले टोकियोलाई अझ बढी रक्षा खर्च बढाउन प्रेरित गर्दै आएको छ, जसले हालै नाटो सदस्य राष्ट्रहरूले तय गरेको पाँच प्रतिशत जिडिपी रक्षा बजेट लक्ष्यसँग समानता देखाउँछ । रक्षामन्त्री कोइजुमीले बुधबार टोकियोमा भएको भेटमा आफ्नो देशले लक्ष्य छिट्टै प्राप्त गर्ने बताएका छन् । उनले भने, 'हामी यस आर्थिक वर्षमै जिडिपीको दुई प्रतिशतको लक्ष्य पूरा गर्न विशेष कदम चाल्नेछौं ।'

कोइजुमीले भने, 'जापान वरपरका क्षेत्रहरूमा मिसाइल क्षमताहरू उल्लेखनीय रूपमा वृद्धि भइरहेका छन् । त्यसैले, मिसाइल प्रतिरक्षा प्रणालीलाई निरन्तर सुदृढ गर्नु आजको आवश्यकता हो ।'

मंगलबार टोकियो नजिकै युएसएस जर्ज वासिङ्टन युद्धपोतमा आयोजित कार्यक्रममा राष्ट्रपति ट्रम्पसँगै उपस्थित हुँदै प्रधानमन्त्री ताकाइचीले सयौं अमेरिकी र जापानी नाविकहरूसँग सम्बोधन गर्दै भने, 'जापानले अहिले अभूतपूर्व सुरक्षा चुनौतीहरूको सामना गर्दै छ । हामी हाम्रो रक्षा क्षमतालाई मौलिक रूपमा सुदृढ पार्न प्रतिबद्ध छौं ।' जापान र अमेरिकाबीचको गठबन्धनलाई एसिया-प्रशान्त क्षेत्रमा सन्तुलन कायम गर्न महत्त्वपूर्ण मानिँदै आएको छ । पेन्टागनको ताजा अभिव्यक्तिले यो साझेदारी चीनको तीव्र सैन्य विस्तारका बीच अझ निर्णायक हुँदै गएको संकेत गरेको छ । *रासस/एएफपी*

# गाजामा इजरायली आक्रमण, बालबालिकासहित ६० जनाको मृत्यु

**देइर अल–बालाह (गाजा पट्टी)–** गाजामा रातभर इजरायली हवाई आक्रमणमा कम्तीमा ६० जना नागरिकको ज्यान गएको छ । मारिनेमा बालबालिका र महिलाहरू पनि रहेका छन् ।




स्थानीय अस्पतालका अधिकारीहरूले बुधबार जानकारी दिँदै यो घटनालाई यस महिनाको सुरुदेखि लागू भएको नाजुक युद्धविरामका लागि सबैभन्दा गम्भीर चुनौती भएको बताएका छन् ।

यो घटनापछि गाजामा पुनः तनाव चर्किएको छ । इजरायली प्रधानमन्त्री बेञ्जामिन नेतान्याहुले हमासले युद्धविराम उल्लंघन गरेको आरोप लगाउँदै गाजामा 'शक्तिशाली आक्रमण' गर्न सेनालाई निर्देशन दिएका थिए । उक्त निर्देशनपछि रातभर गाजाका विभिन्न क्षेत्रमा तीव्र बमबारी गरिएको थियो । प्रतिक्रियामा हमासले अर्को बन्धकको शव हस्तान्तरणमा ढिलाइ गर्ने चेतावनी दिएको छ ।

मध्य गाजाको देइर अल-बालाहस्थित अल-अक्सा अस्पतालमा इजरायली हवाई आक्रमणपछि तीन महिला र छ बालबालिका सहित कम्तीमा १० जनाको शव ल्याइएको अस्पतालको स्रोतले जनाएको छ । दक्षिणी गाजाको खान युनुसस्थित नासेर अस्पतालमा पाँचवटा हवाई आक्रमणपछि २० शव पुर्‍याइएको थियो, जसमा १३ बालबालिका र दुई महिला रहेका थिए ।

त्यसैगरी, मध्य गाजाको अर्को अस्पताल अल-अवदामा ३० वटा शव ल्याइएको छ । तीमध्ये १४ जना बालबालिका रहेको पुष्टि गरिएको छ । घाइतेहरूको ठूलो भीडका कारण अस्पतालहरूमा उपचारका साधनहरू अभाव भएको चिकित्सकहरूले बताएका छन् ।

इजरायली पक्षका एक अधिकारीका अनुसार दक्षिणी गाजामा इजरायली सेनामाथि गोली प्रहार भएको घटनापछि नेतान्याहुले आक्रमणको आदेश दिएका हुन् । सो आक्रमण सोमबार हमासले एउटा बन्धकको 'आंशिक अवशेष' हस्तान्तरण गरेपछि भएको जनाइएको छ । इजरायलले ती अवशेष युद्धको सुरुआती चरणमा अपहरणमा परेका आफ्ना नागरिकका भएको दाबी गरेको छ ।

संयुक्त राज्य अमेरिकाले स्थिति नियन्त्रणमा ल्याउन कूटनीतिक पहल थालेको छ । अमेरिकी उपराष्ट्रपति जेडी भान्सले 'हिंसात्मक झडपहरू चाँडै अन्त्य हुने' आशा व्यक्त गरेका छन् । तर, गाजामा भइरहेका निरन्तर आक्रमण र तीव्र हताहतीका घटनाले युद्धविराम पुनः जोखिममा परेको विश्लेषकहरूको ठम्याइ छ ।

दर्जनौं परिवारहरू अहिले भग्नावशेषभित्र बेपत्ता रहेका छन् भन्दै स्थानीय अधिकारीहरूले यदि आक्रमण रोकिएन भने मानवीय संकट झनै भयावह बन्ने चेतावनी दिएका छन् । *रासस/एपी*

## युद्धविरामको 'नयाँ अध्यायको' घोषणा

**तेल अभिभ (इजरायल)–** इजरायली सैनिकको हत्या र हमासले गरेको युद्धविराम उल्लंघनको प्रतिशोधमा २४ बालबालिकासहित ९१ जना प्यालेस्टिनीको ज्यान जाने गरी शृंखलाबद्ध हवाई आक्रमण गरेको केही समयपछि इजरायलले बुधबार गाजा युद्धविरामको 'नयाँ अध्यायको' घोषणा गरेको छ ।

सामाजिक सञ्जाल एक्समार्फत इजरायल सेना (आइडिएफ)ले प्रधानमन्त्री बेञ्जामिन नेतान्याहु र राजनीतिक नेतृत्वको निर्देशनमा 'आतंककारी साइटहरू' र हमासका कार्यकर्ताहरूलाई लक्षित गरी आक्रमण गरेको बताएको छ ।

मंगलबार इजरायली प्रधानमन्त्री कार्यालयद्वारा जारी विज्ञप्तिअनुसार नेतान्याहूले सेनालाई 'गाजा पट्टीमा तुरुन्तै बलपूर्वक आक्रमण गर्न' निर्देशन दिएको इजरायली प्रधानमन्त्री कार्यालयले जनाएको छ ।

आइडिएफले इजरायली सुरक्षा एजेन्सी (आइएसए) सँगको समन्वयमा कमाण्ड समालिरहेका ३० जना हमास आतंककारीलाई लक्षित गरी आक्रमण गरेकोसमेत बताएको छ । यसैबीच, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इजरायलले पुनः हवाई आक्रमण गरे पनि गाजा युद्धविराम कमजोर नहुने बताएका छन् । *रासस/एएनआई*

## शेख हसिनाको चेतावनी–

# 'अवामी लिगविना निर्वाचनले विभाजनको बीउ रोप्ने छ'

**नयाँदिल्ली–** बंगलादेशकी फरार पूर्वप्रधानमन्त्री शेख हसिनाले आफ्नो पार्टी अवामी लिगविना हुने आगामी निर्वाचनले देशमा नयाँ विभाजनको 'बीज रोप्ने' चेतावनी दिएकी छन् । उनले एएफपीलाई पठाएको लिखित प्रतिक्रियामा आफ्नो पतनपछि पहिलोपटक सार्वजनिकरूपमा बोल्दै मानवताविरुद्धको अपराधको मुद्दालाई 'न्यायशास्त्रको मजाक' र 'पूर्वीनर्धारित फैसला' भन्दै कडा आलोचना गरिन् ।



सन् २०२४ अगस्टमा विद्यार्थी नेतृत्वको विद्रोहपछि उनको १५ वर्ष लामो शासन अन्त्य भएको थियो । भीडले सरकारी निवासमा आक्रमण गरेपछि उनी हेलिकप्टरमार्फत देशबाट भागेकी थिइन् । संयुक्त राष्ट्रसंघका अनुसार आन्दोलनमा दमनका क्रममा करिब एक हजार ४०० जनाको मृत्यु भएको थियो । यो अहिले उनीमाथि चलिरहेको मुद्दाको केन्द्र विषय बनेको छ ।

७८ वर्षीया हसिनाले अहिले भारतमा शरण लिइरहेकी छन् । उनले आफूविरुद्धको आरोपलाई राजनीतिक प्रतिशोधको परिणाम बताउँदै भनिन्, 'ममाथि लगाइएका सबै आरोपहरू पूर्णरूपमा अस्वीकार्य र प्रमाणरहित छन् । यो अनिर्वाचित प्रशासनले तयार पारेको राजनीतिक षडयन्त्र हो ।'

उनले भनिन्, 'अवामी लिगको सहभागिताविना हुने निर्वाचन विश्वसनीय हुन सक्दैन । यस्ता कदमले देशमा भविष्यको विभाजन र अस्थिरताको बीज रोप्ने छ ।'

नोबेल पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा बनेको अन्तरिम सरकारले मे महिनामा अवामी लिगमाथि आतंकवाद विरोधी ऐन अन्तर्गत प्रतिबन्ध लगाएको थियो । यसलाई ह्युमन राइट्स वाचले 'कठोर र अलोकतान्त्रिक' भन्दै निन्दा गरेको थियो ।

हसिनाले स्वतन्त्र र निष्पक्ष निर्वाचनका लागि सबै दलहरूको प्रत्यक्ष सहभागिता आवश्यक रहेको बताउँदै भनिन्, 'निर्वाचन भनेको विचारहरूको प्रतिस्पर्धा हो । तपाईंले कुनै पार्टीलाई मन नपरेर बहिष्कार गर्न सक्नुहुन्न ।'

उनले विद्रोहका दिनहरू सम्झँदै भनेकी छन्, 'ती डरलाग्दा क्षणहरूमा ज्यान गुमाएका सबैका लागि म गहिरो शोक व्यक्त गर्छु ।' उनले आफ्नो शासनकालमा भएका गल्तीहरू स्वीकार गर्दै पनि भनिन्, 'केही त्रुटिहरू आदेशको शृंखलामा भएका थिए, तर निर्णयहरू सद्भावका साथ, हिंसा घटाउने उद्देश्यले गरिएका थिए ।'

अभियोजनपक्षले अदालतमा प्रहरीद्वारा प्रमाणित अडियो टेप प्रस्तुत गरेको छ, जसमा हसिनाले सुरक्षाकर्मीहरूलाई प्रदर्शनकारीहरू विरुद्ध 'घातक हतियार प्रयोग गर्न' आदेश दिएको उल्लेख छ । तर उनले ती रेकर्डिङलाई 'सन्दर्भबाट बाहिर निकालिएको' बताइन् ।

उनले हालै आफ्ना समर्थकमाथि भइरहेको दमनलाई पनि औंल्याउँदै भनिन्, 'अपरेसन डेभिल हन्ट नामक कारबाहीमा हजारौं अवामी लिग कार्यकर्ता पक्राउ परेका छन्, यो पूर्णरूपमा राजनीतिक सफाया हो ।'

यसैबीच, उनले आफ्नै शासनकालमा बेपत्ता भएका नागरिकहरूको विषयमा कुनै प्रतिक्रिया जनाएकी छैनन् । अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी) मा अवामी लिगका वकिलहरूले हालै 'प्रतिशोधात्मक हिंसा' का घटनाहरूको अनुसन्धानको माग गरेका छन् ।

नोभेम्बर १३ मा फैसला हुने यो मुद्दामा दोषी ठहरिए मृत्युदण्ड हुन सक्ने बताइएको छ । त्यसबारे हसिनाले भनिन्, 'दुःखको कुरा, फैसला पहिले नै तय भइसकेको छ, त्यसैले जब त्यो आउँछ, म आश्चर्यचकित हुने छैन ।' भविष्यमा राजनीतिमा फर्कनेबारे प्रश्न गर्दा उनले जवाफ दिइन्, 'मेरो प्राथमिकता बंगलादेशको स्थिरता र जनताको कल्याण हो, व्यक्तिगत सत्ता होइन ।' रासस/एएफपी

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २३६३०० | प्रति तोला – ० | प्रति तोला – २९६५ |



अन्नपूर्ण संरक्षण क्षेत्र घुम्न आएका पर्यटक कास्कीको माछापुच्छ्रे गाउँपालिका-७ स्थित धाम्पुसबाट हिमाल अवलोकन गर्दै ।

*तस्बिरः सुवास ढुंगाना/रासस*

# अलैंचीको मूल्य निरन्तर उकालो

## प्रतिमन एक लाख पुग्यो

■ **प्रभाव संवाददाता**

**झापा–** अलैंचीको भाउ यस वर्षको सबैभन्दा उच्चबिन्दुमा पुगेर ओरालो लागेको छ । बुधबार प्रतिमन (४० केजी) अलैंची अधिकतम रु एक लाखमा किसानबाट खरिद भइरहेको नेपाल अलैंची व्यवसायी महासंघका अध्यक्ष दीपक नेपालले जानकारी दिए ।

व्यवसायीले किसानबाट 'चालू' र 'जेजे' गरी दुई गुणस्तरको अलैंची खरिद गर्दै आएका छन् । जेजे अलैंचीको मूल्य बुधबार एक लाख रूपैयाँ प्रतिमन कायम भएको हो भने चालू अलैंची रु ९७ हजार प्रतिमनका दरले खरिदबिक्री भइरहेको उनले जानकारी दिए । यस वर्ष अलैंचीको भाउ मंगलबार सबैभन्दा उच्चबिन्दुमा पुगेको थियो । उनका अनुसार मंगलबार जेजे अलैंची प्रतिमन रु एक लाख दुई हजारमा कारोबार भएको थियो । मंगलबारको तुलनामा बुधबार प्रतिमन रु दुई हजारका दरले मूल्यमा गिरावट आएको छ ।

'अलैंचीको भाउ निरन्तर उकालो लागिरहेको थियो, आजमात्र दुई हजार रूपैयाँका दरले ओरालो लागेको हो', उनले भने, 'अहिले किसानहरूले औलो क्षेत्रको अलैंची बजारमा ल्याइसकेका छन् भने लेकाली क्षेत्रको अलैंची भर्खर भट्टी लगाउन सुरु भएको छ ।' अलैंचीको बजार मूल्य उच्च हुने भएकाले यसलाई 'खोल्साको सुन' भनेर चिनिन्छ । पूर्वी पहाडका किसानहरू अहिले बढेको भाउले प्रत्यक्ष लाभान्वित भएका छन् ।

अध्यक्ष नेपालका ४२ जिल्लामा अलैंची खेती हुने गरे तापनि कोशी प्रदेशका पाँचथर, ताप्लेजुङ, इलाम, संखुवासभा, खोटाङ, भोजपुर र तेह्रथुम जिल्लामा धेरै उत्पादन हुने गरेको छ । नेपालमा उत्पादित अलैंचीको ९० प्रतिशतमात्र निर्यात हुने गरेको छ । नेपालबाट भारत पुगेको अलैंची त्यहाँबाट 'ब्रान्डिङ' भएर विश्व बजारमा पुग्ने गरेको छ । विश्वबजारमा नेपाली अलैंचीले सोझो पहुँच पुऱ्याउन सकिरहेको छैन ।

कोशी प्रदेशमा सात हजार ५०० हेक्टरभन्दा बढी क्षेत्रफलमा अलैंचीखेती हुँदै आएको छ । आर्थिक वर्ष २०८१/८२ मा काँकरभिट्टा नाका भएर रु सात अर्ब ६७ करोडको अलैंची भारत निर्यात भएको मेची भन्सार कार्यालयले जनाएको छ ।

चालु आव २०८२/८३ को प्रथम त्रैमासिक अवधिमा अलैंचीको निर्यात ३३ प्रतिशतले वृद्धि भएको मेची भन्सार कार्यालयले जनाएको छ । विगत साउन, भदौ र असोज महिनामा काँकरभिट्टा नाका भएर रु एक अर्ब ६७ करोड ९१ लाख ७५ हजार मूल्यबराबरको एक हजार ७२ मेट्रिक टन अलैंची भारत निर्यात भएको कार्यालयका सूचना अधिकारी ईश्वरकुमार हुमागाईंले जानकारी दिए ।

नेपाल-भारत ऊर्जामन्त्री भेटवार्ता

# दुई अन्तरदेशीय प्रसारण लाइन निर्माण सम्झौता

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङ र भारतका विद्युत्मन्त्री मनोहरलाल खट्टरबीच भेटवार्ता भएको छ ।

अन्तरराष्ट्रिय सौर्य गठबन्धनको आठौं महासभामा भाग लिन नयाँ दिल्लीमा रहेका घिसिङ र भारतीय समकक्षी खट्टरबीच बुधबार भेटवार्ता भएको उनको सचिवालयले जनाएको हो ।

विद्युत् मन्त्रालयमा भएको भेटवार्तामा नेपाल-भारतबीचको ऊर्जासम्बन्धी सहकार्य, विद्युत् व्यापार, प्रसारण लाइन विस्तार, भारतीय लगानीमा निर्माणाधीन जलविद्युत् आयोजनाको प्रगति, दुवै देशबीच दीर्घकालीन ऊर्जा क्षेत्रमा साझेदारीलगायतका विषयमा विस्तृत छलफल भएको थियो ।

यसैबीच, नेपाल र भारतबीच दुईवटा अन्तरदेशीय प्रसारण लाइन निर्माण गर्न संयुक्त उपक्रम (जेभी) तथा सेयरहोल्डर सम्झौतामा हस्ताक्षर भएको छ । इनरुवा-पूर्णिया र लम्की-दोधारा-बरेली ४०० केभी अन्तरदेशीय प्रसारण लाइन निर्माणका लागि यस्तो सम्झौता भएको ऊर्जा मन्त्रालयले जनाइएको छ ।

ऊर्जामन्त्री घिसिङ र भारतका विद्युत्मन्त्री खट्टरको उपस्थितिमा नेपाल विद्युत् प्राधिकरणका तर्फबाट उपकार्यकारी निर्देशक सुभाषकुमार मिश्र र पावर ग्रिड कर्पोरेशन अफ इण्डिया लिमिटेडका प्रमुख सञ्चालन अधिकृत सञ्जयकुमार गुप्ताले सम्झौतापत्रमा हस्ताक्षर गरे । संयुक्त लगानीसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएसँगै प्राधिकरण र पावर ग्रिडको लगानीमा दुवै प्रसारण लाइन निर्माणका लागि कम्पनी संस्थापना गर्न बाटो खुलेको छ ।

मन्त्री घिसिङले थप दुईवटा 'क्रस बोर्डर' प्रसारण लाइन निर्माण अगाडि बढ्नु द्विपक्षीय एवं क्षेत्रीय विद्युत् व्यापारका लागि अर्को महत्त्वपूर्ण उपलब्धि भएको बताए । उनले अन्तरदेशीय प्रसारण लाइनको निर्माणबाट दुवै देश एवं क्षेत्रीयस्तरमा समेत नेपालमा उत्पादित विद्युत् निर्यात गर्ने आधार तयार भइ अन्तरराष्ट्रिय ऊर्जा बजारसम्म नेपालको पहुँच पुग्ने विश्वास व्यक्त गरे ।

यसैगरी नेपालको जलविद्युत् क्षेत्रको विकास एवं विस्तारमा स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्न द्विपक्षीय सम्झौताले सहयोग पुऱ्याउने धारणा व्यक्त गर्दै लगानीका लागि आग्रह गरे ।

त्यस्तै, भारतीय विद्युतमन्त्री खट्टरले थप दुई 'क्रस बोर्डर' प्रसारण लाइनको निर्माण सम्पन्न भएपछि नेपाल-भारतबीचको विद्युत् विनिमय प्रक्रियामा सहज हुने, सुदृढ ग्रिडसहित क्षेत्रीय ऊर्जा सुरक्षामा सुधार आउने र दुवै देशको आर्थिक वृद्धिमा योगदान पुग्ने धारणा व्यक्त गरेको ऊर्जा मन्त्रालयले जनाएको छ ।

मन्त्रिपरिषद्को ३० असोजको बैठकले प्रसारण लाइन निर्माणका लागि प्राधिकरण र पावर ग्रिडको लगानीमा दुवैतर्फ दुईवटा संयुक्त कम्पनी स्थापना गर्न र उक्त कम्पनीहरूमा स्वपुँजी (इक्विटी) लगानी गर्न प्राधिकरणलाई स्वीकृति दिएको थियो ।

# रारामा एक वर्षमा भित्रिए १९ हजार पर्यटक

**जुम्ला–** आन्तरिक तथा बाह्य पर्यटनको आकर्षक गन्तव्यका रूपमा रहेको रारा तालमा एक वर्षको अवधिमा करिब १९ हजार बढी पर्यटक भित्रिएका छन् ।

मुगुमा पर्ने रारा तालमा गत आर्थिक वर्षमा १९ हजार १०४ मध्ये महिला छ हजार १७१ र पुरुष १२ हजार ९३३ आन्तरिक पर्यटकले अवलोकन गरेको रारा राष्ट्रिय निकुञ्जका निमित्त कार्यालय प्रमुख ऋषिकेश यादवले जानकारी दिए ।

त्यस्तै सार्क मुलुकबाट ७७ जनामध्ये पुरुष ६४ र महिला १३ जना रहेका छन् । तेस्रो मुलुक अर्थात् विदेशी २७६ मध्ये पुरुष १६३ र महिला ११३ पर्यटकले रारा भ्रमण गरेका छन् । चालु आर्थिक वर्ष २०८२/८३ को असोजसम्म रारा पुग्ने पर्यटकको संख्या दुई हजार ३४७ जनामध्ये पुरुष एक हजार ५८९ र महिला ७५८ जनाले राराको भ्रमण गरेको निकुञ्जका निमित्त कार्यालय प्रमुख यादवको भनाइ छ । सोही आवको असोजसम्म ३३ विदेशी पर्यटक रारा पुगेका छन् ।

अहिले कर्णाली राजमार्गको सडक स्तरवृद्धि भएसँगै सडक मार्ग भएर आन्तरिक पर्यटन रारा घुम्न आउनेको संख्या बढेको छ । विशेषगरी दसैं-तिहारको अवसर पारेर रारा घुम्न आउने



आन्तरिक पर्यटकको चाप यस वर्ष बढेको निकुञ्ज कार्यालयका निमित्त कार्यालय प्रमुख यादवले बताए ।

रारा ताल कर्णाली प्रदेशको प्रमुख पर्यटकीय गन्तव्यका रूपमा विकसित हुँदै गएको छ । यो याममा बागमती, गण्डकी र लुम्बनी प्रदेशबाट घुम्न आउनेको संख्या बढिरहेको छ । सुर्खेत, दैलेख, कालीकोट, जुम्ला हुँदै मुगुको रारा पुगिन्छ । तालसँगै कस्तुरी, मृग, हाब्रे, हिमचितुवा, कालो भालुलगायत ५१ प्रजातिका स्तनधारी वन्यजन्तुको बासस्थान नै राराको विशेषता रहेको निकुञ्ज कार्यालयले जनाएको छ ।

कर्णाली प्रदेशको अर्थतन्त्रलाई प्रभाव पार्ने रारासम्म सहज रूपमा पुग्नका लागि नाग्म-गमगडी सडक र कर्णाली राजमार्गलाई पूरै कालोपत्र बनाउन तीनै तहको सरकारको ध्यानाकर्षण हुनुपर्ने यहाँका होटल व्यवसायी बताउँछन् ।

पछिल्लो समयमा नेपाली नागरिकमा पनि भ्रमणमा निस्कने प्रचलन बढ्दै गएको पाइन्छ । जोखिमयुक्त भ्रमण गर्ने र ग्रामीण पर्यटनको प्रवर्द्धनमा जोडिएको पाइएको छ । हिमाल, पहाडका दृश्य, कर्णालीवासीको संस्कार, संस्कृति, रीतिरिवाज, प्राकृतिक सुन्दरता हेर्न पर्यटकको आगमन हुने गर्दछ ।

रारा राष्ट्रिय निकुञ्ज विसं २०३२ मा स्थापना भएको हो । यसको क्षेत्रफल एक सय छ वर्गीकमीमा फैलिएको छ । यसको अधिकतम भाग मुगु र केही भाग जुम्ला जिल्लामा पर्दछ ।

### पर्यटकको रोजाइमा रैथाने कृषि वस्तु

रारा पुगेर जुम्ला आउने अधिकांश आन्तरिक पर्यटकको प्रमुख रोजाइमा यहाँको रैथाने कृषि वस्तु पर्ने गरेको छ । स्वास्थ्यका लागि लाभदायिक र स्वादिष्ट हुने भएकाले जुम्ली रैथाने कृषि वस्तु जुम्ला आउने आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा पर्न थालेको सदरमुकाम खलंगा बजारमा रहेको रारालिही अर्ग्यानिक पसलका सञ्चालक अर्जुन बुढाले जानकारी दिए ।

यस वर्षको दसैंतिहारमा मात्र रु तीनदेखि पाँच लाखसम्मको अर्ग्यानिक वस्तु बिक्री भएको छ । यहाँको रैथाने वस्तुको माग बढ्दै गएकाले गत वर्ष रु १२ लाखबराबरको स्याउका चाना, मार्सी चामल, सिमी, ओखर, कोदोको पीठो, चिनो, कागुनो, महलगायतका अर्ग्यानिक वस्तुको व्यापार भएको अर्ग्यानिक पसलका सञ्चालनक बुढाको भनाइ छ । *रासस*

निमोनियाबाट बचौं र बचाऔं

निमोनिया संक्रमणका लक्षणहरू:
- ज्वरो आउने, खोकी लाग्ने,
- स्वासप्रश्वासको गति बढ्ने, स्वास फेर्न गाह्रो हुने,
- स-साना बालबालिकालाई आमाको दूध चुस्न गाह्रो हुने,
- शरीर निलो हुने जस्ता लक्षण देखा पर्न सक्छन् ।

बालबालिकालाई निमोनियाबाट बचाउन:
- नियमित रुपमा लगाईने खोपहरु लगाऔं,
- आमाको दूधका साथै पोषणयुक्त थप आहार खुवाऔं,
- धुलो, धुँवा, चिसो तथा प्रदूषणबाट बचाऔं,
- सरसफाईमा उचित ध्यान दिऔं ।
- संक्रमण भएमा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ